# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासोरजिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १९४ | काठमाडौं | आइतबार, २५ कात्तिक २०८१ | Prabhab National Daily | Sunday, November 10, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


सन्दर्भः वैदेशिक रोजगार

## इपिएस परीक्षामा १० प्रतिशतमात्रै सफल



कोरियाले लैजाने कामदारको संख्या पहिले नै तोकेको हुन्छ । यस वर्ष नेपालको कोटाभन्दा १० गुणा बढीले भाषा परीक्षाका लागि आवेदन दिएका कारण झण्डै ९० प्रतिशत छनोटमा नपर्ने अवस्था छ ।

**मैया काडेल**
**निर्देशक, इपिएस कोरिया शाखा**

**प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत दक्षिण कोरियामा कामदार पठाउन सञ्चालन गरेको भाषा परीक्षामा सहभागीमध्ये करिब १० प्रतिशतमात्रै सफल हुने देखिएको छ ।

सन् २०२४ सुरु भएयता हालसम्म करिब एक लाख २५ हजारले उत्पादनमूलक क्षेत्रमा रोजगारीका लागि दक्षिण कोरिया जान भाषा परीक्षा दिइसकेका छन् । जसमा १३ हजार ९०४ जना उत्तीर्ण भएका छन् । बाँकी ३६ हजार परीक्षार्थीको परीक्षा सोमबारबाट सुरु हुँदै छ । परीक्षा दिने ३६ हजारबाट पनि २५ सयको हाराहारीमा मात्रै उत्तीर्ण हुने इपिएस शाखाले जनाएको छ । यसरी सन् २०२४ का लागि इपिएस शाखाले लिएको भाषा परीक्षामा उत्तीर्ण भएको संख्या र आगामी परीक्षामा उत्तीर्ण हुने संख्याको आधारमा १० प्रतिशतमात्रै परीक्षार्थी सफल हुने देखिएको हो ।

इपिएस शाखाको तथ्यांकअनुसार जनवरी २० बाट सुरु भएको पहिलो चरणको परीक्षामा सहभागी भएका ४८ हजारमध्ये पाँच हजार ७५३ जनामात्रै उत्तीर्ण भए भने मे महिनामा सुरु भएर जुलाई अन्तिममा सकिएको दोस्रो चरणको परीक्षामा सहभागी झण्डै ७९ हजारमध्ये आठ हजार १५१ जनामात्रै उत्तीर्ण भए । अब तेस्रो चरणको परीक्षामा दुई हजार ४९६ जनामात्रै उत्तीर्ण हुने भएका छन् । इपिएस शाखाले भाषा परीक्षाका लागि ठूलो संख्यामा आवेदन परेका कारण वर्षभरि लगाएर तीन चरणमा परीक्षा सञ्चालन गरेको छ ।




यस वर्ष उत्पादनमूलक क्षेत्रमा जान आवेदन दिएका परीक्षार्थीहरूको संख्या ठूलो भएकाले परीक्षा सक्न वर्षभरि लाग्ने अवस्था सिर्जना भएको इपिएस शाखाले जनाएको छ । यस वर्ष एक लाख ६३ हजारले कोरिया रोजगारीका लागि आवेदन दिएका थिए । जसअन्तर्गत सञ्चालन भएका दुई चरणको परीक्षा सम्पन्न भइसकेको छ । तेस्रो अर्थात् अन्तिम चरणको परीक्षा यही नोभेम्बर ११ बाट सुरु भएर डिसेम्बर १५ मा सकिने बताइएको छ ।

कोरियाले नेपालबाट वर्षभरिमा लैजाने कामदारको कोटा पहिले नै निर्धारण गर्ने भएकाले ठूलो संख्यामा परीक्षा दिए पनि सफल हुनेको संख्या थोरै हुने इपिएस कोरिया शाखाकी निर्देशक मैया कँडेलले बताइन् । 'कोरिया लैजाने संख्या पहिले नै तोकेको हुन्छ,' उनले भनिन्, 'यस वर्ष नेपालको कोटाभन्दा १० गुणा बढीले भाषा परीक्षाका लागि आवेदन दिएका कारण झण्डै ९० प्रतिशत छनोटमा नपर्ने अवस्था आएको छ ।'


(क्रमशः पृष्ठ २ मा)


# नेतृत्वविहीनतामा गुज्रियो रास्वपा

**जेबी योञ्जन**

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा पक्राउ परेपछि पार्टीमा नेतृत्वविहीनता देखिएको छ । रविको विकल्पमा सिंगो पार्टी पंक्तिले भरोसा गर्ने नेतृत्व रास्वपामा देखिएका छैनन् ।

दुई उपसभापति डोलप्रसाद (डिपी) अर्याल र डा. स्वर्णिम वाग्ले त छन् तर उनीहरूले नै राजनीतिक प्रतिशोध साँधेर रविको पक्राउ गरेको भन्दै सरकारविरुद्ध पोखरापछि काठमाडौंमा गरेको प्रदर्शन प्रभावहीन देखिएको छ । घोषित 'नीलो क्रान्ति' असफल भएको विश्लेषकहरू बताउँछन् ।

राजनीतिक विश्लेषक श्रीभद्र पण्डित पार्टी नेतृत्व गर्न सक्ने कौशल नभएको निर्क्योल गरेरै रविले दुवै उपसभापतिलाई कार्यवाहक सभापतिको भूमिका नदिएको हुनसक्ने बताउँछन् । उनका अनुसार पोखरामा एक साता प्रदर्शन गरेर काठमाडौं फर्किएका रास्वपाका दुई उपसभापति अर्याल-वाग्लेसहितका नेता कार्यकर्ता युद्धमा हारेपछि फर्किएका हतास देखिने सिपाहीजस्ता भएका बताइन्छ । फेरि, अर्याल-वाग्लेबीच कार्यवाहक सभापति को बन्ने भन्नेमा टकराव देखिन्छ ।

यस्तोमा शनिबार पार्टी केन्द्रीय कार्यालय वनस्थलीमा एक हुल समर्थक छिरे । बुढचौली देखिने एक जना समर्थकले बोकेको प्लेकार्डमा थियो, 'देशले २२ दिनदेखि एउटा आँटिलो र गतिलो नेता खोजिरहेको छ ।' यसले पार्टीमा नेतृत्वविहीनताको स्थिति दर्साएको छ । रविलाई रिहा गर्न बाध्य पार्ने गरी 'धक्कादार प्रदर्शन' गर्ने आँट भएका नेता पार्टीमा नभएको किटान गरेको छ ।




- सिंगो पार्टी पंक्तिले भरोसा गर्ने नेतृत्वको अभाव
- दुई उपसभापति अर्याल र वाग्लेमा नेतृत्व लिन हानाथाप
- आँटिला र गतिला नेता नभएको भन्दै घण्टीघरमै पुगे समर्थक

यही प्लेकार्डले पार्टीका कार्यवाहक महामन्त्री कविन्द्र बुर्लाकोटी र रास्वपा संसदीय दलका प्रमुख सचेतक सन्तोष परियारको ध्यान खिच्यो । बुर्लाकोटीले फोटोसमेत खिचे । त्यसपछि पार्टी केन्द्रीय समिति बैठक बस्यो ।

बैठकपछि प्रभावसँग बोल्दै बुर्लाकोटीले भने, 'हामीले सभापति रवि लामिछानेको पक्राउ राजनीतिक प्रतिशोधले भएको भनेर लगातार प्रदर्शन गरिरहेका छौं तर सरकारले उहाँको रिहा गरेको छैन । यस्तो अवस्थामा अझ शक्तिशाली प्रदर्शन गराउने आँटिला र गतिला नेतृत्व अभाव हो कि भनेर समर्थकहरूबाट संशय प्रकट भयो । यसले ध्यानाकर्षण भएको छ ।'

सभापति लामिछाने भने २२ दिनदेखि कास्की प्रहरीको हिरासतमा छन् । प्रहरीले उनलाई आज पनि अदालतमा पेस गर्दै छ । उनीमाथि थप अनुसन्धानका लागि हालै १० दिन म्याद थप भएको छ । रूपन्देहीको बुटवलमा रहेको सुप्रिम बचत तथा ऋण सहकारी ठगीमा पनि बयानका लागि लैजाने प्रहरीको तयारी छ । यहीबेला रास्वपालाई स्थानीय तह उपनिर्वाचनको तयारी गर्नुपर्ने अवस्था छ । अर्कातिर रविको रिहाइ माग गर्दै प्रदर्शन गर्नु पनि छ ।


(क्रमशः पृष्ठ २ मा)


रास्वपा भनेकै रवि हो । अर्थात् रवि भनेकै रास्वपा हो । मतलव रास्वपाले संसद्मा जुन आकार लियो त्यो रविको निर्वाचनताका लोकप्रिय व्यक्तिततवले हो । त्यही भएर उनी पक्राउ परेपछि रास्वपा अनाथजस्तै देखियो । यसबेला पार्टीमा संकटमोचन गर्ने नेतृत्व चाहिन्छ, तर देखिएन ।

**श्रीभद्र पण्डित**
**राजनीतिक विश्लेषक**

हामीले सभापति रवि लामिछानेको पक्राउ राजनीतिक प्रतिशोधले भएको भनेर लगातार प्रदर्शन गरिरहेका छौं तर सरकारले उहाँको रिहा गरेको छैन । यस्तो अवस्थामा अझ शक्तिशाली प्रदर्शन गराउने आँटिला र गतिला नेतृत्व अभाव हो कि भनेर समर्थकहरूबाट संशय प्रकट भयो ।

**कविन्द्र बुर्लाकोटी**
**कार्यवाहक महामन्त्री, रास्वपा**



# पर्वत जोगाउन पैरवी

**प्रगति ढकाल**

**काठमाडौं–** *बिहान उठ्नेबित्तिकै हिमाल देख्न पाइयोस्,* यी हातले सधैंसधैं नेपाल लेख्न पाइयोस् ।

रामकृष्ण ढकालको स्वरमा गुञ्जिने यो गीत हरेक नेपालीहरूको मनमनमा गुञ्जिरहन्छ सदाबहार । गीतले भनेको जस्तै सधैंभर हिमाल देख्न नपाइने हो कि भन्ने डर पनि उत्तिकै छ । विश्वव्यापीरूपमा बढिरहेको जलवायु परिवर्तनको असरले हाम्रा यी सेता हिमालहरू कतै कलापत्थरमा त परिणत हुने होइन ? हाम्रा भावी पुस्ताका लागि हिमाल थियो रे अनि हिमाल सेतै हुन्थे रे भन्ने एकादेशको कथा जस्तो त हुने होइन ? यी र यस्ता प्रश्नहरूले गीतले भनेजस्तै बिहान उठेर हिमाल हेर्न सधैं नपाइएला कि भन्ने चिन्ता पनि छ ।

हिमालकै कारण त हो नि नेपाली भूभाग साँच्चै प्रकृतिको बेजोड संगम बनाएको । यहाँका हिमालदेखि तालतलैयाले लगाएको मोहनीले त हो नि पर्या-पर्यटकहरूको नेपाल आकर्षणको मुख्य गन्तव्य बन्न सफल भएको । यसैको अस्तित्व जलवायु परिवर्तनको असरले समाप्त गरेमाको पर्यटक आउला नेपाल ? अनि कस्तो देखिएला नेपाल ? हिमालको महत्त्व अपार भएर नै होला कवि तथा गीतकारहरूले हिमालको महिमा बोकेको रचनाहरू रचेका ।

*नेपाली हामी रहौंला कहाँ नेपालै नरहे*
*उचाइ हाम्रो चुलिन्छ कहाँ हिमालै नरहे*
*तराई हाम्रो सुनको टुक्रा हिमाल हिराको*
*माटो र पानी पहिलो धन धर्तीका छोराको*

स्व.माधवप्रसाद घिमिरेको यो कविताको हरफहरूले पनि हिमालको महत्त्वको महिमा प्रस्तुत गरेको छ । उनले सायद हिमाल नै नरहला कि भन्ने चिन्ताले पनि होला, हिमाल रहेन भने नेपाल र नेपालीको नै अस्तित्व छैन भन्ने सन्देश कवितामार्फत दिएका छन् ।


(क्रमशः पृष्ठ २ मा)





## पृष्ठ १ बाट क्रमशः

# पर्वत जोगाउन...

हिमालको अस्तित्व कसरी जोगिएला भन्ने चिन्ता उत्तिकै छ। विश्व समुदायसामु पनि हामीले हाम्रो हिमाल जोगाउनुपर्छ भनेर गुहार माग्दै आइरहेका छौं। ती धनी र विकसित मुलुकहरूमा भएको औद्योगिक विकासका कारण वायुमण्डलमा हरितगृह ग्यासको मात्रा बढेर जलवायु परिवर्तनको असर विश्वभर निम्त्याएको छ। हामीले गर्दै नगरेको गल्तीको सजाय हामीले भोग्नुपर्ने ? अब हाम्रो हिमाल जोगाउने जिम्मा तिमीहरूको हो भनेर नेपालले विश्व समुदायसामु आवाजहरू बुलन्द रूपमा उठाउँदै आइरहेको छ।

हिमाललाई नजिकबाट नियाल्दै आएकाहरू पनि हिमालमा हिउँ घटेर कतै हिमालको अस्तित्व नै नास हुने हो कि भनेर उत्तिकै चिन्तित छन्। सोलुखुम्बु जुनुबेंसीमा जन्मिएकी डिमी शेर्पा पहिलो महिला पर्वतारोहीका रूपमा परिचित छिन्। शेर्पाले २०४२ सालमा विनाअक्सिजन माउन्ट नुप्से (७८६५ मिटर) आरोहणपछि पहिलो पर्वतारोहीको रूपमा इतिहास बनाएकी छन्। जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा परिरहेको असरलाई उनले नजिकबाटै साक्षत्कार गरेकी छन्। 'जलवायु परिवर्तनको असरका कारण हिमालमा हिउँ नै बाँकी नरहला कि भन्ने चिन्ता लाग्छ, हिमाली क्षेत्रका मानिसहरूमा पर्ने असरले हिमाली क्षेत्रमा नै मानिस नहुने हो कि चिन्ता छ,' उनी भन्छिन्, 'हिमालका लागि हिँउ श्रृंगार हो, जलवायु परिवर्तनको असरले हिमालमा हिउँ नै नरहे हिमालको मात्रै के अस्तित्व ?'

पर्यटन व्यवसायीसमेत रहेका आङछिरिङ शेर्पा उमेरले ७० नाघे। लामो समय हिमालकै काखमा हुर्किएर खेलेकाले पनि त्यो हिमाल र यो हिमालका बारेमा जानकार छन् उनी। 'हामी सानो छँदा त हिमाल सबै सेता थिए, अब हेर्दाहेर्दै हिमालमा हिउँ पातलियो। कालापत्थरहरू देखिन थाले,' उनी भन्छन्, 'यस्तै हो भने त अबको २० वर्षमै हिमालको अस्तित्व मिटिन्छ कि भन्ने चिन्ता लाग्छ। अनि हिमाल हिर्न भनेर पर्यटक आउन छाड्लान हाम्रो व्यवसाय पनि धरापमा पर्ने छ।'

सोलुखुम्बुमा जन्मिएका शेर्पा जलवायु परिवर्तनका हिमालमा परेको असरले कुन बेला ठूलो विपद्को सामना गर्नुपर्ने हो उत्तिकै चिन्तित छन्। पहिला र अहिलेमा देखिएको फरकमा अन्तर पाउँछन् उनी। भन्छन्, 'भन्दा मान्छेले नपत्याउलान्, त्यो इम्जा छो हिमताल थिएन। सानो हिमनदी थियो। त्यहाँ त बच्चा हुँदा हामी चिप्लेटी खेल्थ्यौं। सन् १९६२ तिर सानो कुवाजस्तो बन्यो। अहिले त त्यति ठूलो ताल बनिसक्यो, हिउँ पग्लिएर। यस्तै पग्लिँदै जाने हो भने हिमाल त कति कुरूप देखिन्छ होला है।'

जलवायु परिवर्तनका असरका कारण पर्वतीय क्षेत्र जोखिममा रहेको भन्दै शेर्पाले अब हिमाली क्षेत्रका मानिस बसाइँ सरेर जानुपर्ने अवस्था आइसकेको बताए। 'यदि हिमाली क्षेत्रका मानिसहरू नै त्यहाँ भएनन् भने हिमालको रहन, सहन संस्कृति हेर्नचाहिँ को आउँला ? है। अनि त्यहाँ आउने पर्यटक पनि देख्नै पाउलान् हाम्रा पुस्ताले,' शेर्पा भन्छन्।

फोटो पत्रकारसमेत रहेकी पूर्णिमा श्रेष्ठले अहिले साहसी पर्वतारोहीको रूपमा आफ्नो पहिचान स्थापित गरिसकेकी छन्। गोरखा आरुघाटमा जन्मिएकी श्रेष्ठलाई सानोमा टाढाबाटै हिमाल हेर्दा हिमालले लोभ्याएको थियो। हिमालकै नजिक जान पाए कस्तो हुन्थ्यो होला ? भन्ने लाग्थ्यो पूर्णिमालाई। जहाँ इच्छा तहाँ उपाय भनेझैं उनले विश्वकै अग्लो पर्वत सगरमाथा पटक-पटक चढिसकेकी छन्।

### हिमालको अस्तित्व मिटिने चिन्ता

जलवायु परिवर्तनका कारण मनै लोभ्याउने हिमालहरूको अस्तित्व मेटिएर त जाने होइन ? भन्ने चिन्ता उत्तिकै छ उनलाई। 'हिमाल अझै चढिरहन मन छ, तर हिमपहिरोले कतै पुरिने पो हो कि डर पनि छ,' श्रेष्ठ भन्छिन्, 'हिमालका हिउँ हराएर गयो भने के होला ? भन्ने लाग्छ। हिमाल जाँदा अहिले पनि कलापत्थरहरू देखिन्छ। अनि हिमाल चढ्नेहरूलाई जोखिम पनि छ।'

जलवायु व्यवस्थापनका लागि प्रतिकार्य रणनीति-२०८० अनुसार जलवायुजन्य र जलसम्बन्धी प्रकोपहरूले जीउज्यान, धनमाल र सम्पत्तिमा गम्भीर क्षति पुऱ्याएका छन्। वायुमण्डलीय तापक्रमका वृद्धिले हिउँ पग्लन क्रम बढेको छ र नयाँ हिमताल बनेको रणनीतिमा उल्लेख छ। 'विद्यमान हिमतालका आकार बढेका छन्। यसबाट हिमताल फुटी बाढी आउने खतरा थपिएको छ। अन्य क्षेत्रका तुलनामा हिमालय क्षेत्रमा कम्तीमा पनि ०.३ दखि ०.७ डिग्री सेल्सियस तापक्रम बढ्ने प्रक्षेपण गरिएको छ,' रणनीतिमा भनिएको छ।

### हिमालमा के हुनसक्छ अन्य असर ?

हिमालमा जलवायुले पारेका असरका कारण हिमालको अस्तित्व सकिने, पानीको स्रोतहरू सुक्ने, हिमताल फुट्ने, हिमपहिरो जाने, पर्यटक घट्ने, बसाइँ सर्नुपर्ने अवस्था आएर त्यहाँका संस्कृति लोप हुनेलगायतका असर देखिने बताउँछिन् पर्वतीय क्षेत्रका मुद्दामा पैरवी गर्दै आएकी जलवायु अभियन्ता गीता पाण्डे। पर्वतीय क्षेत्रमा जलवायुले पारेको असर न्यूनीकरण तथा अनुकूलनका लागि निरन्तर पैरवी आवश्यक रहेको उनको सुझाव छ।

जलवायु परिवर्तनसम्बन्धी २१औं विश्व सम्मेलन फ्रान्सको पेरिसमा सम्पन्न भएको थियो। पेरिस सम्झौताबमोजिम तापक्रमका वृद्धि १.५ डिग्री सेल्सियसमा कायम भएता पनि यस २१औं शताब्दीका अन्त्यसम्ममा हिमालय क्षेत्रका ३६ प्रतिशत हिमताल पग्लने प्रक्षेपण गरिएको छ। इसिमोडको हालैको अध्ययनअनुसार ६५ प्रतिशत हिमपिण्ड सकिएको छ। यस शताब्दीको अन्त्यसम्म पानीको उपलब्धता घट्ने उल्लेख छ।

नेपाल सरकारले आगामी ३० वर्ष (वि.सं. २०७८-२१०८) का लागि तयार गरेको राष्ट्रिय अनुकूलन योजनामा विगतका तुलनामा वर्षामा आएका कमीले गर्दा नदी खोलामा पानीका बहाव कम भएकाले आव २०७७/७८ मा ६.९ प्रतिशत जलविद्युत् उत्पादन घटेको उल्लेख भएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार नेपालमा तापक्रमका वृद्धिदर वार्षिक ०.०५६ डिग्री सेन्टिग्रेड रहेको छ। हिन्दूकुश हिमालयको मूल्यांकन प्रतिवदनअनुसार विश्व तापक्रम वृद्धि पेरिस सम्झौताबमोजिम १.५ डिग्री सेन्टिग्रेड कायम गर्न सकिएमा पनि हिमालय क्षेत्रका तापक्रम त्यो भन्दा औसतमा ०.३ दखि ०.७ डिग्री सेन्टिग्रेड बढी हुने देखाएको छ। तापक्रम वृद्धि १.५ डिग्री सेन्टिग्रेडमा कायम राख्न सकिए पनि २१औं शताब्दीको अन्त्यसम्म हिमालय क्षेत्रबाट ३६ प्रतिशत हिउँ पग्लने अध्ययनले देखाएको छ। इसिमोडको तथ्यांकअनुसार हिन्दूकुश हिमालय क्षेत्रका हिमनदीको अनुगमन र विश्लेषण गर्दा हिमनदीको पिण्ड ६५ प्रतिशतले घटेको पाइएको छ।

### पैरवीमा जोडबल निरन्तर

गत वर्ष युएईको दुबईमा सम्पन्न भएको २८औं कोपमा पनि नेपालको नेतृत्व गर्दै तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल उपस्थित भएका थिए। 'म यहाँ ३० मिलियन नेपालीको सन्देश बोकेर आएको छु,' प्रधानमन्त्री दाहालले सम्बोधनको सुरुमै भनेका थिए, 'तापक्रम वृद्धिले हिमालय क्षेत्रलाई आक्रान्त पारिरहेको छ, हाम्रो हिमाल बचाउने सन्देश पनि लिएर आएको हुँ।'

यस बेलामा पनि पर्वतीय क्षेत्रको मुद्दाले विश्व समुदायमा चर्चामा ल्यायो। कोपमा पहिलोपटक हिमालको मुद्दा छलफलमा समाहित गरियो। यसअघि नेपालले जोडदाररूपमा हिमालको मुद्दा कोपमा समाहित गराउन जोडबल गर्दै आइरहेको थियो। यसो त एक वर्षअघि संयुक्त राष्ट्रसंघका महासचिव एन्टिनिओ गुटेर्रेस चारदिने नेपाल भ्रमणमा आएका थिए। महासचिव गुटेर्रेसले भ्रमणमा रहेको बेलामा हिमालयबाट बगेका नदीहरूले एक अर्बभन्दा बढी मानिसलाई स्वच्छ पानी प्रदान गरिरहेको भन्दै हिमालको प्रशंसा गर्नसमेत भ्याए। यस्ता हिमनदी पग्लिएमा पानीको स्रोतसमेत संकटमा पर्नसक्ने भन्दै उनले दिएको अभिव्यक्तिले पनि यो वर्ष मुख्य चर्चा पायो। यसले पनि कोपमा पर्वतीय क्षेत्रका मुद्दामा पैरवी गर्न नेपाललाई सहज भयो।

महासचिव गुटेर्रेसले २८औं कोप सम्मेलन सुरु हुनुअघि नेपालको भ्रमण गरेर पनि होला, नेपाललाई बढी सम्झाएका थिए। नेपालको भ्रमणको क्रममा सगरमाथा र अन्नपूर्ण आधार क्षेत्रलाई नजिकबाट साक्षात्कार गर्ने मौका पाएर पनि होला उनले हिमालमा परेको जलवायु परिवर्तनको असर पनि नकिजबाटै नियाले। ती अनुभवहरू विश्व सामुदायको अगाडि अभिव्यक्त गरे। हिमालमा जलवायु परिवर्तनको असर यसले हिमाली क्षेत्रको जनजीवनमा पारेको प्रभावलाई बताइदिएर विश्वको नै ध्यान ताने। उनको सम्बोधनले झण्डै १९२ देशका सहभागीको ध्यान खिच्यो।

डेढ दशकदेखि नेपालले हिमालको मुद्दा उठाउँदै आइरहेको थियो। निरन्तररूपमा उठाएको मुद्दा कोपमा समावेश होला भन्ने आशा हुन्थ्यो। तर, हिमालका एजेण्डाले कुनै प्रथामिकता नै पाउन सक्दैनथ्यो। जलवायु परिवर्तनका कारण हिमालमा हिउँ नै बाँकी नरहने भयो। अब कालापत्थरमा परिणत हुने हो कि भन्ने चिन्ता र चासो उत्तिकै रहेको छ सरोकारवालाहरूमा। सन् २००९ मा डेनमार्कको कोपनहेगनमा सम्पन्न भएको १५औं कोपमा भाग लिन पनि तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा नेपाली प्रतिनिधि टोली सहभागी भएको थियो। त्यसबेलादेखि नै नेपालले हिमालको मुद्दालाई प्राथमिकता दिएर मुख्य एजेण्डास्वरूप कोपमा लिएर जाने गरेको थियो।

जलवायु परिवर्तनका असरहरूको कारणले पर्वतीय क्षेत्रका पारिस्थितिकीय प्रणाली, जनजीवन र जैविक विविधतामा परिरहेको नकारात्मक असरहरूका बारेमा सन् २००९ देखि नै जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलनलगायतका अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालले निरन्तर आवाज उठाउँदै आइरहेको छ।

### कोप-२८ ले बढाएको उत्साह

पहिलोपटक जलवायुले हिमालमा पारेका असर कोप-२८ निर्णयका दस्तावेजमा समावेश गरिएसँगै नेपालका लागि यो महत्त्वपूर्ण र ऐतिहासिक निर्णय भएको थियो। यसले वर्षौंदेखि सफल हुन नसकेको नेपालको लक्ष्य पूरा भएको छ। हिमालको एजेण्डाले पाएको प्राथमिकतासँगै चर्चा पनि पायो। यसै सन्दर्भमा गत कोप-२८ ले पहिलोपटक पर्वतीय क्षेत्रमा परेको जलवायु संकटको बारेमा निर्णय लिँदै गत जुनमा भएको संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धि (युएनएफसिसिसी) अन्तर्गतको वैज्ञानिक र प्राविधिक सल्लाहका लागि सहायक निकाय (एसबिएसटिए) को ६० औं बैठकमा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनका विषय उठाइएको थियो।

यसै सन्दर्भमा पर्वतीय क्षेत्रको मुद्दामा सबै पर्वतीय राष्ट्रहरूको समान धारणा कायम गरी आगामी दिनहरूमा सोसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहललाई थप प्रभावकारी बनाउन गत मे २२ र २३ मा नेपाललगायत अन्य पर्वतीय मुलुकका प्रतिनिधिहरू, विषयविज्ञहरू एवं साझेदार संस्थाहरू सम्मिलित पर्वतीय क्षेत्र, मानिस र जलवायु परिवर्तनसम्बन्धी विज्ञ संवादको आयोजना भएको थियो। उक्त सम्मेलनमा पनि हिमालमा परेको असर र आगामी रणनीतिको विषयमा व्यापक छलफल भएको थियो।

### आगामी कोपमा पनि हिमालकै मुद्दा प्राथमिकतामा

नोभेम्बर ११ देखि २२ तारिख (यही कात्तिक २६ देखि मंसिर ७ गते) सम्म अरजरबैजानको बाकुमा हुन गइरहेको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको २९औं सम्मेलन (कोप-२९) हुँदै छ। नेपालको तर्फबाट उक्त कोप सम्मेलनमा भाग लिन राष्ट्रपति रामचन्द्र पौडेल सहभागी हुँदै छन्।

उनले यस वर्षको कोपमा पनि हिमाल र पृथ्वीको सुरक्षाका लागि आवाज उठाउँदै छन्। १९२ भन्दा बढी मुलुकका राष्ट्रप्रमुखदेखि उच्चपदस्थ अधिकारीहरूसामु उनले हिमालको सुरक्षाको मुद्दालाई प्राथमिकताका साथ प्रस्तुत गर्ने कार्यक्रम तय भएको राष्ट्रपतिको सचिवालयले जानकारी गराएको छ। वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन महाशाखाका प्रमुख डा. सिन्धु ढुंगानाले कोपमा पर्वतीय क्षेत्रमा जलवायु परिवर्तनका कारण परेको असरलाई कोपको मुख्य एजेण्डा बनाइएको जानकारी दिएका छन्।

### थामेको हिउँपहिरोको उदाहरण

अधिकांश कोपहरूमा नेगोसेसनमै निरन्तर भाग लिई कोपमा नेपालको हितमा पैरवी गर्दै आएका मञ्जित ढकालले पनि पर्वतीय क्षेत्रमा जलवायुले पारेको असरका उदाहरण दिँदै र जलवायुजन्य हानिनोक्सानीको एजेण्डामा जोड दिनुपर्ने बताएका छन्।

'यही वर्ष सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेमा अचानक आएको बाढीले करोडौं क्षति पुगेको छ, यो ताजा हिमपहिरोको उदाहरणले यसपटकको कोपमा अझै पर्वतीय क्षेत्रको मुद्दाले प्राथमिकता पाउने आशा छ,' कोपमा भाग लिन बाकु पुगिसकेका ढकालले भने, 'मंगलबार र बुधबार अतिकम विकसित मुलुकहरूको समूह (एलडिसी)को बैठकसमेत भएको, एलडिसीको तर्फबाट साझा मुद्दाका रूपमा पर्वतीय क्षेत्रको सुरक्षाका पक्षमा पैरवी गर्ने तयारी भएको छ।' *रासस*

धनी र विकसित मुलुकहरूमा भएको औद्योगिक विकासका कारण वायुमण्डलमा हरितगृह ग्यासको मात्रा बढेर जलवायु परिवर्तनको असर विश्वभर निम्त्याएको छ। हिमाललाई नजिकबाट नियाल्दै आएकाहरू पनि हिमालमा हिउँ घटेर कतै हिमालको अस्तित्व नै नास हुने हो कि भनेर उत्तिकै चिन्तित छन्।

■■■

# नेतृत्वविहीनतामा...

रास्वपाको प्रदर्शनलाई सहकारीपीडितहरूले काउन्टर दिइरहेका छन्। यहीबीच उपसभापति अर्यालले सुटुक्क भेटेर रविको रिहा गर्न गरेको माग प्रधानमन्त्री केपी शर्मा ओलीले नसुनेझैं गरिदिए। अझ न्यायिक प्रक्रियामा गएको मुद्दालाई प्रभावित पार्ने गरी सडक प्रदर्शन नगर्न रास्वपालाई सत्तारुढ दलहरूले चेतावनी दिए। विपक्षी दलहरू पनि रविको रिहा माग गर्दै सडकमा आएनन्। यसरी सडकमा एक्लिएको रास्वपामा प्रभावशाली नेतृत्वविहीनता देखिएको छ।

राजनीतिक विश्लेषक पण्डित भन्छन्, 'रास्वपा भनेकै रवि हो। अर्थात् रवि भनेकै रास्वपा हो। मतलव रास्वपाले संसद्मा जुन आकार लियो त्यो रविको निर्वाचनताका लोकप्रिय व्यक्तित्त्वले हो। त्यही भएर उनी पक्राउ परेपछि रास्वपा अनाथजस्तै देखियो। यसबेला पार्टीमा संकटमोचन गर्ने नेतृत्व चाहिन्छ, तर देखिएन।'

रविले २ कात्तिकमा पक्राउ पर्नुअघि पार्टीमा एकसे एक नेताहरू रहेको र आफ्नो अनुपस्थितिमा उनीहरूले पार्टी हाँक्ने बताएका थिए। यद्यपि, उनले पार्टी नेतृत्व दुई उपसभापति अर्याल र वाग्लेमध्ये एकलाई सुम्पेनन्।

यसअघि नागरिकतासम्बन्धी मुद्दामा उनको सभापति पद गुमेपछि अर्याललाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएका थिए। यसपटक भने दिएनन्। तैपनि शनिबार बसेको केन्द्रीय समिति बैठकमा भने सभापति रविको ठाउँमा अर्याल बसे।

रास्वपाका एक नेताकाअनुसार सभापति लामिछानेको पक्राउपछि पार्टीको सिंगो संरचना एकप्रकारले 'प्यारालाइज्ड' भएको छ। कार्यकर्ता पंक्ति हतास छन्। कोही निष्क्रिय भएर बसेका छन्। सभापति लामिछानेको पक्राउविरुद्ध सशक्त प्रदर्शन गर्न नसकेको भनेर कोही उपसभापतिद्वयको आलोचना गरिरहेका छन्।

पार्टीका ती नेताका अनुसार शनिबारको केन्द्रीय समिति बैठकमा पनि पार्टी नेतृत्व कसले सम्हाल्ने भनेर छलफल चलेको थियो। 'मूल नेतृत्वको अभाव तत्कालका लागि दोस्रो तहबाट पूर्ति हरेक दलले गर्छन्। रास्वपामा पनि गर्नुपऱ्यो,' ती नेताले बैठकमा सहभागी नेताहरूको भनाइ उद्धृत गर्दै भने, 'मूल नेतृत्वविहीनताको स्थितिले पार्टीलाई समस्या गराउँछ। यो कुरा पार्टीमा धेरै नेताले उठाउनुभयो।'

रास्वपा सभापति लामिछाने गोर्खा मिडिया नेटवर्कको तत्कालीन प्रबन्ध निर्देशक छँदा अध्यक्ष जिबी राईसमेतले विभिन्न सहकारीबाट गैरकानुनीरूपमा ल्याएको बचत रकम अपचलनमा संसदीय छानबिन समितिबाट दोषी ठहर भएका व्यक्ति हुन्। उनलाई समितिले ४ असोजमा सहकारीको बचत अपचलनमा जिम्मेवार भन्दै कारबाहीको सिफारिस गरेको थियो। सोहीअनुसार २ कात्तिकमा उनी पक्राउ परे। पक्राउअघि जारी पुर्जीमा भने उनलाई सहकारी ठगी र संगठित अपराधसम्बन्धी कसुरमा अनुसन्धानका लागि भनिएको थियो। तर, जिल्ला अदालत कास्कीमा पेस गर्दा भने उनीविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा पनि थपियो। यसरी मुद्दैमुद्दाले सभापति लामिछाने थिचिएका छन्।

●●●


# इपिएस परीक्षामा...

यस वर्ष कोरियाले उत्पादनमूलक क्षेत्रमा १५ हजारको कोटा तोके पनि पछि थप गरेर १६ हजार ४०० जना लैजानेगरी परीक्षा लिन इपिएस शाखालाई पत्राचार गरेको थियो।

दक्षिण कोरियाले सबैभन्दा बढी अंक ल्याउनेहरूमध्येबाट आफूलाई आवश्यक कामदारमात्रै छनोट गरेका कारण पनि भाषा परीक्षामा सफल नहुनेको संख्या धेरै देखिएको बताइन्छ। आगामी वर्ष हुने भाषा परीक्षामा तोकिएको कोटाभन्दा तीन गुणा बढीलाई मात्रै परीक्षामा सहभागी गराउनेगरी व्यवस्था मिलाउन एचआरडी कोरियाले अहिले नै औपचारिक आग्रह गरिसकेको शाखाले जनाएको छ। कोरियाले इपिएस प्रणालीबाट नेपालसहित बंगलादेश, श्रीलंका, पाकिस्तान, कम्बोडिया, म्यान्मारलगायत १६ मुलुकबाट कामदार लैजाने गरेको छ। कोरियाले सन् २०२४ का लागि सबै मुलुकबाट एक लाख ६५ हजार कामदार आपूर्ति गर्नेगरी कोटा निर्धारण गरेको छ।

कोरियाले पछिल्ला वर्षहरूमा सबैभन्दा धेरै कामदार नेपालबाट आपूर्ति गर्दै आएको छ। गत वर्ष इपिएस प्रणालीअन्तर्गत १९ हजार २१४ जना नेपाली कामदार रोजगारीका लागि कोरिया जान छनोट भएका थिए। त्यसअघि सन् २०२२ मा १४ हजार नेपालीले इपिएसमार्फत कोरियामा रोजगारी पाएका थिए। यस वर्ष पनि तोकिएको कोटाभन्दा बढी नै नेपालीले कोरियामा रोजगारी पाउने सम्भावना रहेको इपिएस शाखाका अधिकारीहरूको अपेक्षा रहेको छ। कोरियाले कृषि तथा पशुपालन र उत्पादनमूलक क्षेत्रका साथै शिप बिल्डिङ, रुट इन्डस्ट्री, फरेस्ट्री र सेवामूलक क्षेत्रमा पनि नेपाली कामदार लैजान थालेको छ। नेपालीको मनमा अखण्डितरूपमा स्वदेश वा विदेश जहाँ बसेका भए पनि हिमाल बसेकै हुन्छ।

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

आइतबार, २५ कात्तिक, २०८१

| | |
|---|---|
| मेष | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| वृष | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| मिथुन | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ। |
| कर्कट | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| सिंह | मार्गदर्शन अनुचित लाग्नेछ। |
| कन्या | लाग्नेछपरिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। |
| तुला | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन। |
| वृश्चिक | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |
| धनु | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ। |
| मकर | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| कुम्भ | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय मान्यजनको |
| मीन | शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२५ कात्तिक, २०८१ (१० नोभेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.२९ | १३४.८९ |
| युरो | १ को | १४६.४० | १४७.०५ |
| पाउन्ड स्टिर्लङ | १ को | १७४.०७ | १७४.८५ |
| स्विस फ्रैन्क | १ को | १५५.५५ | १५६.२४ |
| अस्ट्रेलियन डलर | १ को | ८८.५७ | ८८.९७ |
| क्यानाडियन डलर | १ को | ९६.५२ | ९६.९६ |
| सिङ्गापुर डलर | १ को | १०२.०० | १०२.४६ |
| जापानी येन | १० को | ८.८५ | ८.८९ |
| चिनियाँ युआन | १ को | १८.९३ | १९.०२ |
| साउदी अरब रियाल | १ को | ३५.७५ | ३५.९१ |
| कतारी रियाल | १ को | ३६.८५ | ३७.०१ |
| थाई भाट | १ को | ३.९८ | ४.०० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५६ | ३६.७२ |
| मलेसियन रिङेट | १ को | ३०.७१ | ३०.८५ |
| दक्षिण कोरियन वन | १०० को | ९.७८ | ९.८२ |
| स्विडिस क्रोनर | १ को | १२.५८ | १२.६४ |
| डेनिस क्रोनर | १ को | १९.६३ | १९.७२ |
| हङकङ डलर | १ को | १७.२८ | १७.३५ |
| कुवेती दिनार | १ को | ४३८.४० | ४४०.३६ |
| बहराइन दिनार | १ को | ३५६.२० | ३५७.७९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।



**पशुपतिमा आरती** | पशुपतिनाथ मन्दिर परिसरमा शनिबार साँझ गरिएको आरती । यहाँ दैनिक साँझ आरती हुने गर्दछ ।

*तस्बिरः सुरज घिमिरे/रासस*

# तामाङ विज्ञ भेलामा समूहगत छलफल

■ प्रभाव संवाददाता




**काठमाडौं–** अन्तर्राष्ट्रिय तामाङ परिषद्ले आयोजना गरेको विषयगत विज्ञ भेलामा शनिबार समूहगत छलफल सुरु भएको छ । सिमलटारस्थित सिद्धार्थ बुटिक होटलमा जारी भेलामा विभिन्न छ समूह बनाएर छलफल गरिएको परिषद्का महासचिव टासी लामाले जानकारी दिए ।

विज्ञ भेलामा सांस्कृतिक पुनः उत्थान समितिको संयोजन नेपाल तामाङ घेदुङका पूर्वअध्यक्ष परशुराम तामाङले गरेका थिए । त्यसैगरी तामाङ कला, संस्कृति, साहित्य तथा इतिहास लेखन समितिको संयोजन डा. संग्रामसिंह लामा, तामाङ मानवअधिकार प्रवर्द्धन समितिको संयोजन अधिवक्ता सोमबहादुर घले, भाषा, लिपि तथा शिक्षा प्रवर्द्धन समितिको संयोजन अमृत योञ्जन तामाङ, अध्ययन, अनुसन्धान तथा क्षमता अभिवृद्धि समितिको डा. मुक्तसिंह तामाङ र अन्तर्राष्ट्रिय उच्चस्तरीय तामाङ पञ्चांग समितिको संयोजन मोहन तामाङले गरेका थिए ।

छ वटै समितिले अबको तीन वर्षमा गर्न सकिने कार्ययोजनासहित आइतबार (आज) खाका प्रस्तुत गर्ने र कार्यक्रम समापन गर्ने कार्यतालिका रहेको महासचिव लामाले बताए । कार्यक्रमको उद्घाटन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले बागमतीमा कामकाजी भाषा ऐन कार्यान्वयनको चरणमा रहेकोले भेलाबाट आउने निष्कर्ष उपयोगी हुने बताए । भेलाले लिपिको समस्यालाई समाधान गर्ने आशा आफूले राखेको मुख्यमन्त्री लामाले बताए ।

भेलामा सहभागीहरूलाई घेदुङकी कार्यवाहक अध्यक्ष सञ्चु ब्लोनले स्वागत गरेकी थिइन् । भेलामा परिषद्का स्थायी सदस्य राष्ट्रहरू नेपाल, अमेरिका, भारत, भुटान, बर्मालगायत सात राष्ट्रका प्रतिनिधिहरू सहभागी भएका छन् । भेलामा विभिन्न देशमा क्रियाशील दुई दर्जनभन्दा बढी राष्ट्रिय तथा सम्बन्धन सदस्य संस्थाहरूका प्रतिनिधिले 'भर्चुअल' माध्यमबाट सहभागिता जनाएको परिषद्का महासचिव लामाले जानकारी दिए । समूहगत छलफलमार्फत सम्बन्धित विषयहरूमा कार्ययोजनालाई अन्तिम रूप दिई कार्यान्वयनका लागि विषयगत समितिको गठनसमेत गरिने आयोजकले उनले बताए ।

# बागमती सफाइ महाअभियान ६००औं हप्तामा प्रवेश

**काठमाडौं (प्रस)–** 'राष्ट्रका नाममा सातामा दुई घण्टा स्वयंसेवा' भन्ने नाराका साथ २०७० जेठ ५ गतेदेखि सुरु भएको बागमती सफाइ महाअभियान ६००औं हप्तामा प्रवेश गरेको छ । बागमती सरसफाइको ६०० हप्ता पुगेको उपलक्ष्यमा बागमती सरसफाइ महाअभियानले शनिबार 'स्वच्छता मेरो पहिचान, सफाइमा मेरो योगदान' विषयक परिसंवाद आयोजना गर्‍यो ।

त्यसक्रममा बागमती सफाइका लागि निजी तथा सरकारी क्षेत्रबाट भए/गरेका काम कारबाही तथा आगामी योजनाका विषयमा छलफल भएको थियो । कार्यक्रममा अभियानका शुभारम्भकर्ता एवं चीनका लागि नेपाली राजदूत लीलामणि पौडेलले आमनागरिकमा बागमती हाम्रो सभ्यता र संस्कृति भएकाले यसलाई फोहोर गर्नु हुँदैन भन्ने चेतनाको विकास हुनु नै यस अभियानको ठूलो उपलब्धि रहेको बताए । उनले भने, 'बागमती सफाइ महाअभियानले राम्रो सन्देश दिइरहेको छ, सबैमा बागमती सफा राख्नुपर्छ भन्ने चेतनाको विकास हुँदै गएको छ, यो राम्रो सन्देश हो ।'

कार्यक्रममा पौडेलसँगै गोकर्णेश्वर नगरपालिका प्रमुख दीपककुमार रिजाल, डा. सुमित्रा अमात्य, वरिष्ठ पत्रकारद्वय युवराज घिमिरे, हरिबहादुर थापा, बागमती सभ्यता आयोजनाका निमित्त प्रमुख उद्धव नेपाललगायतको सहभागिता रहेको थियो ।

# पर्यटन प्रवर्द्धनका लागि टोखामा सडक नेवाः खाजा महोत्सव

**काठमाडौं (प्रस)–** काठमाडौंको उत्तरी क्षेत्र टोखामा आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि टोखा नेवाः सडक खाजा महोत्सव आयोजना गरिएको छ ।

टोखा नगरपालिका-२ र ३ को आयोजना तथा नेवाः गुठी र टोखा सांस्कृतिक संरक्षित क्षेत्र विकास समितिको व्यवस्थापनमा शनिबार महोत्सव आयोजना गरिएको हो । टोखा गेटदेखि गणेशस्थान मन्दिरसम्म सडक खाजा महोत्सवका साथै विविध सांस्कृतिक कार्यक्रम आयोजना गरिएको टोखा नेवाः गुठीका अध्यक्ष रमेश नापितले जानकारी दिए ।

उनले टोखामा आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धनका लागि महोत्सव आयोजना गरिएको बताए । धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टिकोणले धनी टोखामा स्थानीय दिदीबहिनीले बनाएका खानाका परिकार र उत्पादन गरेका हस्तकलाका सामग्री प्रदर्शन गरिएको उनले जानकारी दिए ।

नेपाल सरकार
भूमि व्यवस्थापन सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय**
सर्लाही, मलंगवा
(मोही फाँट)

**३५ (पैतिस) दिने सार्वजनिक सूचना !**

(प्रकाशित मिति : २०८१/०७/२५ गते)

**जिल्ला सल्लाही साविक गा.वि.स.अर्नाहा वडा नं.९ हाल बलरा न.पा.वडा नं.५ मा बस्ने विहारी राउत कुर्मी नाउँको हक दावी गर्न आउने बारेको सूचना ।**

उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही गा.वि.स.बलरा वडा नं.४ हाल बलरा न.पा.वडा नं.३ मा बस्ने देवेन्द्र सिंह र हरेन्द्र सिंह भुमिहारको संयुक्त नाममा दर्ता कायम रहेको जि.स.गा.वि.बलरा वडा नं.५ कि.नं.५५८ को क्षेत्रफल ०-१३-०.१।२ जग्गाको मोही महलमा जिल्ला सर्लाही साविक गा.वि.स. अर्नाहा वडा नं.९ हाल बलरा न.पा.वडा नं.५ मा बस्ने विहारी राउत कर्मीको नाम उल्लेख रहेकोमा जग्गा धनीले भगुवा मोही लगतकट्टा गरी पाऊँ भन्ने निवेदनमा मिति २०८१/०७/२० गतेको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आफू वा ऐन वमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन वमोजिम भगुवा मोही लगतकट्टा तर्फको कार्वाही भै जाने यसै सूचनाद्वारा जानकारी गराइन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

**कुवेतमा रोजगार** कम्पनी : **DOMUS INTERJOR CONTRACTING LLC**

पूर्व स्वीकृति मिति : २०८१/०७/२३ | LT. No. 313318 | चलानी नं. ६०२२७६७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpanter | 4 | 0 | 1200 | ४४,३८३ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Construcion Carpenter | 2 | 0 | 1200 | ४४,३८३ | | | | | | | |
| 3. | Tile Layer | 1 | 0 | 1200 | ४४,३८३ | | | | | | | |
| 4. | Bulding Painters | 3 | 0 | 1200 | ४४,३८३ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर २ गते (17th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

**NEPAL RED CROSS SOCIETY**

**Re- TENDER NOTICE**

1. Sealed tenders (Technical and Financial in separate envelope) are hereby invited from registered firms/ manufactures/authorized agent or distributor to Supply, Delivery, Installation, Technical Operation and Project Consultation for Implementation of Compressed Stabilized Earth Block machine (Single and Double Mould) for NRCS, Disaster Management Department.
2. Tender documents with quantity and detail specification of all materials to be supplied can be purchased from Nepal Red Cross Society, National Headquarters, Kalimati, Kathmandu during office hours in working days 10 November to 16 November , 2024 against payment of Rs. 4,000/- (non-refundable).
3. The bidders should submit their sealed tenders with catalogues of Machine during working days between 10.00 hrs. To 16.00 hrs. Up to 16 November 2024. Moreover, must be marked "Two types of Compressed Stabilized Earth Block Machine - 2024". The bidder(s) must deposit 2.5 %(two and a half percent) including VAT 13% of the total bid amount as Earnest Money in the form of Bank Voucher against cash deposited in account No. 17-0002089-33 of Nepal Red Cross Society at Standard Chartered Bank Ltd., Baneshwor, Kathmandu or Bank Demand Draft payable in favor of the said account at the submission of bids.. The successful bidder(s) will have to deposit 10% (ten percent) of the order value including VAT as Performance Security at the time of signing the purchase agreement.
4. The sealed tender received will be opened on 17 November 2024, at NRCS, National Headquarters, Kalimati, and Kathmandu at 12:30 P.M. Any discount, increase or decrease in price will not be accepted after opening of sealed tender.
5. NRCS reserves the right to accept or reject in part/or whole of any tender without assigning any reason whatsoever and will not be obligated to accept the lowest offer.

**Nepal Red Cross Society**
**National Head Quarters**
**Red Cross Marga, Kalimati,**
**Kathmandu - Nepal**
**Phone: 5370650**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# भेरी अस्पताल
नेपालगन्ज, बाँके

**अस्पतालको फार्मेसीबाट बिक्री वितरणको लागि खरिद गरिने औषधि तथा सर्जिकल सामग्रीहरूको बोलपत्रको माध्यमबाट खरिद सम्बन्धी सूचना ।**

सूचना नम्बर : **BHERI/HP/NCB/81/82/1 (MEDICINE)**
**BHERI/HP/NCB/81/82/2 (SURGICAL)**
सूचना प्रकाशित मिति : **2080/07/25**

१. यस अस्पतालमा फार्मेसी सेवा सञ्चालनका लागि आवश्यक पर्ने औषधि तथा सर्जिकल सामग्रीहरू बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले इच्छुक Manifacturing Company वा कम्पनीबाट इजाजतपत्र प्राप्त फर्म तथा सप्लायर्स र Super Stockiest/Stockiest फर्मबाट प्राप्त प्रमाणपत्र सहित पेश गरी प्राविधिक र आर्थिक प्रस्ताव Soft copy खरिद गरी पेश गर्न यो बोलपत्र आह्वान गरिएको छ।
२. सूचना जारी भएको ३० दिन कार्यालय समयभित्र चालु आर्थिक वर्षको लागि नवीकरण भएको इजाजत पत्र स्थायी लेखा नं. मु.अ. कर दर्ता प्रमाणपत्र आ.व. २०७९/८० को कर चुक्ताको प्रमाण वा म्याद थप भएको प्रमाण समेतको प्रमाणित प्रतिलिपि र फर्म दस्तुरका लागि सक्कलै भौचर संलग्न राखी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp अनलाइन खरिद गर्न सकिने छ।
३. छनोट हुने औषधिमा Department या Drug Administratioin दर्ता तथा नवीकरण भएको र आफूले पूर्ति गर्ने औषधि तथा सर्जिकल सामग्रीहरू WHO–GMP Certified हुनुपर्नेछ र आवश्यक अनुसार ISO/EU–GMP certified/USFDA approved/CE certified/CPP आदि प्रमाणित भएको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ।
४. बोलपत्र खरिदको लागि दस्तुर रकम रु ५ ००० (अक्षरुपी पाँच हजार) फिर्ता नहुने गरी भेरी अस्पतालमा रहेको राष्ट्रिय वाणिज्य बैंक मा रहेको को.ले.नि.का. बाँके को राजश्व खाता नम्बर १०००१००२०००१०००० मा जम्मा गरेको सक्कलै भौचर, यस अस्पतालको कोड नं. ३७०००५७०२ तथा राजस्व शीर्षक नं. १४२२९ मा रकम दाखिला गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।
५. कम्तिमा १२० दिन मान्य अवधि भएको सर्जिकलको हकमा रु. ५,००,०००।- (अक्षरुपी रुपैयाँ ५ लाख) र औषधिको हकमा रु. १५,००,०००।- (अक्षरुपी पन्ध्र लाख) बराबरको मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानी पत्र (बिट बण्ड) राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाता नं. ४१३०१००१०२०३०००० मा नगद जम्मा गरेको बैंक भौचर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ।
६. बोलपत्रकले BOQ लिस्टमा उल्लेखित आइटमहरूमा MRP दररेट, प्रस्तावित दर रेट र उत्पादित कम्पनीको नाम अनिवार्य रुपमा भन्नुपर्नेछ र दररेट उल्लेख गर्दा मु.अ. कर बाहेकको दर रेट उल्लेख गर्नु पर्नेछ।
७. प्राविधिक समितिले छनोट गर्दा आवश्यकताको आधारमा आपूर्तिकर्ताले औषधि र सर्जिकल सामग्रीको नमुना समेत पेश गर्नुपर्नेछ।
८. सूचना प्रकाशन भएको ३१ औं दिनको १२ बजेभित्र प्राविधिक र आर्थिक प्रस्ताव दर्ता गर्नुपर्नेछ, दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव सोही दिनको १४:०० बजे बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलिनेछ र प्राविधिक प्रस्ताव मूल्याङ्कन पश्चात् आर्थिक प्रस्ताव खोल्ने दिनको लागि पछि सूचना प्रकाशित हुनेछ। प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कार्यालयलाई बाधा पर्ने छैन, बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै कार्यालय खोलेको दिन सोही समयमा हुने।
९. यस सम्बन्धी विस्तृत जानकारीको लागि भेरी अस्पताल खरिद इकाइमा बुझ्न वा सम्पर्क गर्न सकिनेछ।
१०. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य विषयहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ संशोधनसहित र ऐन नियमावली २०६४ संशोधन सहित तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

नोटःदररेट अनिवार्य ओर्ड फाइलमा कम्प्युटर टाइप गरेको हुनु पर्नेछ (अंक र अक्षर दुवैमा) हस्त लिखित दररेट मान्य हुने छैन।

- ***(मिति २०८१/०७/२३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित १५ दिने सूचना रद्द गरी ३० दिने सूचना जारी गरिएको छ।)***

**डा. निराजन सुबेदी**
प्रमुख मेडिकल सुपरिटेण्डेण्ट

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# द्वन्द्व बढाउने विकास बन्द गर

सुदूरपूर्वी जिल्ला ताप्लेजुङको प्रमुख तीर्थस्थल मुकुम्लुङ आदिवासी लिम्बू समुदायको आस्थाको केन्द्र रहेकोमा दुईमत छैन । अझै पनि कतिपय लिम्बूहरू आफ्ना सन्तानलाई आशीर्वाद दिँदा 'मुकुम्लुङजस्तै शीर उचोस होस्' भन्छन् । यसले पनि आदिवासी लिम्बू समुदायको मुकुम्लुङसँगको आस्था प्रस्ट झल्किन्छ । तर, हिन्दूहरूले पाथीभरादेवीको रूपमै पुज्दै आएका छन् । लिम्बू अगुवाहरू भने मुकुम्लुङलाई पछि हिन्दूकृत गर्दै पाथीभरादेवी भनिएको बताउँछन् । पाथीभराकै नामबाट हाल मुकुम्लुङ चर्चित छ ।

यसपछि आदिवासी लिम्बू जातिका देशदेशावरमा रहेका बुद्धिजीवि युवाहरूले 'लिम्बुवान स्प्रिङ' आन्दोलन चलाए । यसको एउटै मक्सद भनेको मुकुम्लुङ नाम पुनःस्थापित गर्ने । जुन संघर्ष अझै जारी छ । यहीबेला एक जना व्यवसायीलाई पोस्ने गरी मुकुम्लुङ क्षेत्रमा केवलकार निर्माण गर्न शुक्रबार बल प्रयोग गरेरै शिलान्यास गरिएको छ । आदिवासी जनजातिको धार्मिक तथा सांस्कृतिकस्थलमा कुनै पूर्वाधार निर्माण गर्नुपरे स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी कायम गर्नुपर्नेमा त्यसो नगर्दा आन्दोलित आदिवासी लिम्बू युवाहरू प्रतिरोधमा उत्रिए र झडपको स्थिति सिर्जना भयो । झडपमा केही घाइते भएका छन् । यो अत्यन्त दुःखद् घटना हो ।

आदिवासी लिम्बू जातिको क्षेत्रमा उनीहरूसँग स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी कायम नगरी बलजफ्ती केवलकार निर्माण कार्य अघि बढाउनु नेपालसमेत पक्ष राष्ट्र भएको आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रविरुद्ध हुने देखिन्छ । यो आदिवासीमैत्री विकासको अवधारणाविरुद्धको कदम हो । जुन रोकिनुपर्दछ । त्यसो गरिए सम्भावित द्वन्द्व टर्छ । होइन भने द्वन्द्व थप बढ्ने निश्चित छ ।

द्वन्द्वको विजारोपण सरकारबाटै भएको छ । स्थानीय सरकार पनि व्यवसायीको प्रभावमा परेको प्रस्ट देखिन्छ जुन राम्रो होइन । स्थानीयको विरोध हुँदाहुँदै जबरजस्ती केबलकार निर्माण कार्य अगाडि बढाइनुमा द्वन्द्व बढाउने नियत देखिन्छ । फेरि, केवलकार निर्माणले अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)को मर्मविरुद्ध पनि प्रहार गर्छ । किनभने मुकुम्लुङ क्षेत्रमा धार्मिक पर्यटन उद्योगसँग जोडिएका कम्तीमा ५०० श्रमिकले रोजीरोटी गुमाउने छन् । उनीहरू मुकुम्लुङको फेदीबाट मुकुम्लुङसम्मै हिँड्न नसक्ने तीर्थालुलाई बोकेर पुऱ्याउँछन् । तीर्थालुको तौलअनुसार ज्याला लिन्छन् । यसरी गर्जो टाने आदिवासी लिम्बूसहित स्थानीय समुदायका मानिसहरू छन् । केवलकार निर्माणले उनीहरूको रोजगारी गुम्ने छ । सुकेटारदेखि माथि फेदी आसपाससम्मकै व्यापार चौपट हुने छ, जहाँ आदिवासी लिम्बूसँगै अन्य स्थानीय समुदाय नराम्ररी प्रभावित हुने छन् ।

स्थानीयको विरोधलाई 'विकास विरोधी' मात्रै ठान्नु यहाँ ठूलो गल्ती देखिन्छ । स्थानीयको सहमतिविनाको विकासले विनासमात्र निम्त्याउँछ । त्यसैले मुकुम्लुङ (पाथीभरा)मा केबलकार योजना बल प्रयोग गरेरै अगाडि बढाउने कार्य तत्काल बन्द गरिनुपर्छ । धार्मिक द्वन्द्व र जनधनको क्षति हुने अवस्था आउन नदिन सरोकारवाला सबैपक्ष जिम्मेवार र सचेत बन्न जरुरी छ ।

## मननयोग्य

### चाणक्य नीति

बिहानैदेखि महानन्दका राज्यमा एक ब्राह्मणको हत्या हुँदैछ भन्ने राजाज्ञा डढेलोजस्तो गरी फैलन थाल्यो । ती आचार्य ब्राह्मण धर्म, साहित्य राजनीतिका महान् पण्डित हुन्, तर कसैमा महानन्दको यो कठोर आज्ञाको विरोधमा मुख खोल्ने सामर्थ्य थिएन ।

दण्डको आज्ञाको पहिलो दिन त बित्यो । दोस्रो दिन विहान जेलभित्र बसेर महात्मा चणक विचारमग्न थिए, उनलाई बराबर कौटिल्यको सम्झना आइरहन्थ्यो । कहाँ होला कौटिल्य र कतै नन्दका गुप्तचरका हातमा त परेन ? तर अहँ यस्तो हुन सक्तैन, धेरै बुद्धिमान् छ कौटिल्य । ऊ हिँड्दा त पाइला-पाइला फुकेर हिँड्छ र फेरि मेरो सपना त उसैले पूरा गर्छ । यस्तै मानसिक प्रश्न उत्तरका बीच अचानक चणकको तन्द्रा भंग भयो । हेर्दा महामात्य राक्षस सामुन्नेमा थिए ।

'कुशल त छ आचार्य ।' राक्षसले फेरि हिजोको आफ्ना कुरा आग्रह गरी दोहोऱ्याएर भन्यो- आचार्य । अब पनि समय छ ! चणकले व्यंग्यपूर्वक भने- 'अब केही घण्टाको कुरा हो, महाराज नन्दको आँखामा घोच्ने कोंढा अब नष्ट हुन्छ, अनि तपाईंको मनलाई पनि शान्ति मिल्नेछ ।'

राक्षस- आचार्य चणकको मृत्युले सुख हैन, दुःख मिल्छ यस्ता बुद्धिमान्को पूर्ति मगधमा न जाने कति समयपछि होला । चणक- तपाईंको सद्भावनाका लागि धन्यवाद । चिन्ता नगर्नोस् चणकका भस्मद्वारा झट्टै नै अनेकौं चणक मगधमा पैदा हुनेछन् ।

हुँ .... हुँकार गर्दै 'त्यसो भए कुनै उपाय नै छैन, यी ब्राह्मणले मृत्युदण्ड भोग्नु नै पर्छ।' यस्तै कुरा सोचेर राक्षस पुनः राजभवनतिर लागे ।

चणकको काटिएको शिर राजधानीको प्रमुख चौबाटोमा अग्लो बाँसमा टाँगिएको थियो । बाँसमा टाँगिएको एउटा पाटीमा मोटा अक्षर मगधका राजद्रोहीको यही परिणाम हुनेछ भनी लेखिएको थियो । **क्रमश :**

# सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालनका चुनौती र सुधारको अपेक्षा



■ सुरेशकुमार कार्की

रेडियो नेपाल र नेपाल टेलिभिजन गैरनाफामुखी, राजनीतिक हस्तक्षेपबाट मुक्त, व्यापारिक समूहको दबाबबाट स्वतन्त्र तथा राज्यको नियन्त्रणबाट मुक्त भई आमनागरिकलाई सूचना, शिक्षा र मनोरञ्जन दिनेगरी साँच्चिकै सार्वजनिक सेवा प्रसारणका सम्बन्धमा विश्वव्यापीरूपमा स्वीकारिएका आधारभूत मान्यताअनुसार सञ्चालन गर्ने सहज वातावरण बनाइनुपर्दछ । पिएसबी मोडलको विशेषताभित्र पर्ने सम्पादकीय सुनिश्चितता, गुणस्तरीय, सन्तुलित एवं विश्वसनीय समाचार सामग्रीमार्फत स्वच्छ जनमत तयार गर्नु भएकाले लोकतान्त्रिक मूल्य, मान्यता र स्वतन्त्र पत्रकारिताको मर्मअनुसार स्वच्छ, निष्पक्ष र जनताप्रति उत्तरदायी भएर नागरिकलाई सुसूचित गर्नु सार्वजनिक सेवा प्रासारणको मुख्य उद्देश्य कार्यान्वयन हुने गरी नियमावलीमा व्यवस्था गर्नुपर्ने हुन्छ ।

सन् १९२० मा सुरु भएको विश्वको सबैभन्दा पुरानो सार्वजनिक सेवा प्रसारण (पिएसबी) संस्थाको रूपमा रहेको बिबिसीको स्वतन्त्र प्रसारण संस्था र जापानको एनएचकेबाट प्रभावित भएर नेपालमा पनि सरकारको नियन्त्रणबाहिर स्वतन्त्ररूपमा सार्वजनिक प्रसारणको अवधारणाको विकास हुँदै आएको हो । उच्चस्तरीय मिडिया सुझाव आयोग-२०६३ र सूचना तथा सञ्चारसम्बन्धी उच्चस्तरीय समिति-२०७३ ले रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकीकृत गरेर संसद् मातहत ल्याइनुपर्ने सुझाव दिएको स्मरणीय छ । आमसञ्चार नीति-२०७३ मा रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकीकरण गरी सार्वजनिक प्रसारणमा रूपान्तरण गर्न सुझाव दिएकोमा सोही सुझावका आधारमा २०७७ असार २४ गते संसद्मा दर्ता गरिएको सार्वजनिक सेवा प्रसारण विधेयक संसद्बाट पारित भएर २०८१ असोज २२ गते राष्ट्रपतिबाट प्रमाणीकरणसँगै राजपत्रमा प्रकाशित भएको छ ।

तटस्थ, निष्पक्ष, तथ्यपरक र वस्तुनिष्ठ सूचना, समाचार तथा मनोरञ्जनात्मक कार्यक्रम उत्पादन र प्रसारण गरी संविधानद्वारा प्रदत्त मौलिक हकको प्रत्याभूत गर्दै समावेशी लोकतन्त्रको सुदृढीकरण गर्न, सामाजिक तथा सांस्कृतिक जागरण ल्याउनका लागि प्रतिस्पर्धी र जनउत्तरदायी सार्वजनिक सेवा प्रसारण संस्थाको स्थापना र सञ्चालन गर्नका लागि सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ लागू भएको छ । यो ऐन प्रारम्भसँगै नेपाल टेलिभिजन र रेडियो नेपाल सार्वजनिक सेवा प्रसारण संस्थामा रूपान्तरण हुनेगरी, सार्वजनिक प्रसारणलाई गुणस्तरीय, विश्वसनीय तथा प्रभावकारी बनाउन एक सार्वजनिक सेवा प्रसारण संस्थाको स्थापना हुनेगरी कार्यान्वयनमा आउने भएको छ ।

### संस्थाका कार्यहरू:

सार्वजनिक सेवा प्रसारण संस्थाले गर्ने कार्यहरूको सम्बन्धमा ऐनमा भएको प्रावधानअनुसार भौगोलिक अखण्डता र राष्ट्रिय एकता, सामाजिक तथा सांस्कृतिक सद्भाव कायम गर्ने, राष्ट्रिय हित र राष्ट्रियताको प्रवर्द्धन गर्ने, संघीय एकाइबीचको सुसम्बन्ध अभिवृद्धि गर्ने गरी समाचार, सूचना, सन्देश र कार्यक्रमको उत्पादन तथा प्रसारण गर्नुपर्ने हुन्छ । विभिन्न जातजाति, लिंग, पेसा, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गर्ने तथा विभिन्न वर्ग, क्षेत्र र समुदायको उत्थान र विकासका लागि कार्यक्रम उत्पादन तथा प्रसारण गर्नुपर्छ । त्यस्तै सार्वजनिक सरोकार र नागरिकका आवश्यकताअनुसारको विषयमा कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने, नागरिकको सूचनाको हक प्रचलन गराउन मुलुकको सबै भूभागमा प्रसारणको पहुँच पुऱ्याउने, प्रसारण क्षेत्रमा भएका विकास र नयाँ प्रविधिको अधिकतम् उपयोग गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमासमेत सूचना, सन्देश र मनोरञ्जन प्रदान गर्ने गरी काम गर्नुपर्ने हुन्छ ।

यसैगरी सूचना सम्प्रेषणद्वारा मुलुकको राष्ट्रभाषा, लोपोन्मुख मातृभाषा, कला, संस्कृति र सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्ने, जनस्वास्थ्य, जनहित, वातावरण, जलवायु परिवर्तन, विपद् र अन्य आपत्कालीन अवस्थासम्बन्धी सूचना प्रवाह गरी जनचेतना जगाउने, खेलकुद तथा मनोरञ्जनात्मक कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने, ज्ञान, विज्ञान र प्रविधि प्रवर्द्धन गर्ने कार्यक्रम उत्पादन तथा प्रसारण गर्नुपर्ने हुन्छ ।

त्यस्तै मुलुकको समग्र विकासमा योगदान दिने खालका कार्यक्रमको उत्पादन तथा प्रसारण गर्ने, आफूले उत्पादन, निर्माण तथा प्रसारण गरेका कार्यक्रम डिजिटल, अनलाइन तथा अन्य प्रविधिको माध्यमबाट प्रकाशन तथा प्रसारण गर्ने कार्य पनि यो नयाँ संस्थाले गर्नुपर्ने छ । यस्तै यो ऐनमा कृषि, उद्योग, पर्यटन र प्राकृतिक स्रोतजस्ता विषयमा खोजमूलक तथ्यहरू प्रचारमा ल्याई रोजगारमूलक कार्यक्रम प्रवर्द्धन गर्दै नेपालको अर्थव्यवस्थालाई सबल बनाउन सहयोग पुऱ्याउने कार्यक्रम प्रसारण गर्ने, संघीय संसद्, संसदीय समिति, प्रदेशसभा, प्रदेशसभा समिति तथा गाउँसभाका गतिविधिको सम्बन्धमा कार्यक्रम प्रसारण गर्ने र सरकारको सार्वजनिक नीति, निर्णय तथा काम कारबाहीका सम्बन्धमा सूचना प्रसारण गर्ने उल्लेख छ । त्यस्ता कार्यक्रम उत्पादन तथा प्रसारण गर्दा मानवअधिकारका मूल्य, मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण तथा सामाजिक न्यायको सिद्धान्तलाई आत्मसात् गर्नुपर्ने हुन्छ ।

### परिषद्को गठन:

सार्वजनिक सेवा प्रसारण संस्थाको नीति निर्माण गर्न तथा सो संस्थाले सम्पादन गर्नुपर्ने कार्यका लागि नीतिगत निर्देशन दिन एक परिषद्को गठन गर्ने प्रावधान रहेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा १५ जना रहनेगरी परिषद्को व्यवस्था गरिएको छ । सदस्यको मनोनयन गर्दा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यबाट समावेशी सिद्धान्तका आधारमा गर्नुपर्ने प्रावधान रहेको छ ।

परिषद्ले सार्वजनिक सेवा प्रसारणसम्बन्धमा अपनाउनुपर्ने नीतिका सम्बन्धमा सरकारलाई सुझाव दिने, सार्वजनिक सेवा प्रसारण संस्थाको नीति, वार्षिक योजना तथा कार्यक्रमअनुसार भएका कार्यको समीक्षा गर्ने, सार्वजनिक सेवा प्रसारण संस्थाका पदाधिकारी तथा कर्मचारीको आचारसंहिता बनाई सोको प्रभावकारी कार्यान्वयन गर्ने वा गराउने, सार्वजनिक सेवा प्रसारण संस्थाबाट उत्पादन तथा प्रसारण हुने कार्यक्रममा राजनीतिक वा अन्य कुनै आधारमा आग्रह वा पूर्वाग्रह नराखी तटस्थता र निष्पक्षता कायम गराउने र सार्वजनिक सेवा प्रसारण संस्थाको सम्बन्धमा नीतिगत मार्गदर्शन गर्ने तथा सञ्चालक समितिलाई आवश्यक निर्देशन दिनेगरी परिषद्को काम, कर्तव्य र अधिकार तोकिएको छ ।

### सञ्चालक समिति:

संस्थाको अध्यक्षको नियुक्तिको लागि नेपाल सरकारसमक्ष नाम सिफारिस गर्नका लागि लोकसेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोकसेवा आयोगको सदस्य संयोजक, मन्त्रालयको सचिव र रेडियो वा टेलिभिजनसम्बन्धी क्षेत्रको कम्तीमा १० वर्षको अनुभव प्राप्त व्यक्तिमध्येबाट मन्त्रालयले मनोनयन गरेको एकजना सदस्य रहने व्यवस्था रहेको छ । सञ्चालक समितिमा मन्त्रालयले तोकेको मन्त्रालयको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत सदस्य र रेडियो वा टेलिभिजनको क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव प्राप्त व्यक्तिमध्येबाट दुवै क्षेत्रको प्रतिनिधित्व हुनेगरी मन्त्रालयले समावेशी सिद्धान्तको आधारमा मनोनयन गरेको कम्तीमा एकजना महिलासहित तीन सदस्य चार वर्षका लागि नियुक्त गर्ने व्यवस्था ऐनमा रहेको छ ।

### कार्यकारी अधिकार:

सञ्चालक समितिको अध्यक्षको सामान्य निर्देशन तथा नियन्त्रणमा रही सार्वजनिक सेवा प्रसारण संस्थाको दैनिक प्रशासकीय कार्य सञ्चालन गर्नका लागि ऐनमा एक प्रमुख प्रशासकीय अधिकृत रहने व्यवस्था गरिएको देखिन्छ । सञ्चालक समितिले सार्वजनिक सेवा प्रसारण संस्थाको प्रमुख प्रशासकीय अधिकृत पदको निकटतम् तल्लो पदमा कार्यरत रहेका र बढुवा हुनका लागि योग्यता पुगेका वरिष्ठ कर्मचारीमध्येबाट प्रमुख प्रशासकीय अधिकृत नियुक्त गर्ने प्रावधानबाट हाल रेडियो नेपाल र नेपाल टेलिभिजनभित्रैका कर्मचारीले जिम्मेवारी पाउने देखिन्छ ।

### संस्थाको आर्थिक अवस्था:

सार्वजनिक सेवा प्रसारण संस्थाले सार्वजनिक हितमा काम गर्नुपर्ने हुँदा यसको कोषमा संसद्बाटै आवश्यक बजेट विनियोजन हुनुपर्नेमा यसअघि रेडियो नेपाल र नेपाल टेलिभिजनको कोषको व्यवस्थाजस्तै कोषको प्रावधान राखिएको छ । जसअनुसार नेपाल सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान, विदेशी सरकार वा विदेशी संघ, संस्थाबाट प्राप्त रकम, र सार्वजनिक सेवा प्रसारण संस्थाको आम्दानीबाट प्राप्त रकमलाई कोषको रूपमा राखिएको छ ।

कर्मचारीको व्यवस्थापन:

रेडियो नेपाल र नेपाल टेलिभिजन सार्वजनिक सेवा प्रसारण संस्थामा रूपान्तरण भएसँगै दुवै संस्थाका कार्यकारी पदाधिकारीहरूको व्यवस्थापन के हुने भन्ने सम्बन्धमा कुनै ठोस व्यवस्था गरिएको छैन । ऐनको संक्रमणकालिन व्यवस्थामा ऐन प्रारम्भ भएको एक वर्षभित्र संस्थाको सञ्चालक समिति गठन गरिने छ र त्यसरी समिति गठन नभएसम्म दुवै निकायका सञ्चालक समितिले यथावत् काम गर्ने छ भन्ने व्यवस्था छ ।

ऐनको प्रावधानअनुसार नेपाल टेलिभिजन र रेडियो नेपालमा स्वीकृत रहेका दरबन्दीहरूलाई सार्वजनिक सेवा प्रसारण संस्थाको आवश्यकता र औचित्यका आधारमा पुनरवलोकन गरी दरबन्दी पुनर्संरचना गर्ने र कार्यरत स्थायी कर्मचारीहरू कायम गरिएको मिल्दो दरबन्दी (पद, तह र श्रेणी) मा समायोजन हुने देखिन्छ । ऐनको व्यवस्थाअनुसार मिल्दो पद, तह र श्रेणीमा समायोजन हुन नसकेका कर्मचारीहरूलाई निजको बाँकी अवधि गणना गरी अवकाश दिने व्यवस्था गर्न सकिने र सो अवधि अनिवार्य अवकाश हुने उमेरभन्दा बढी हुनेगरी गणना नगरिने, सार्वजनिक सेवा प्रसारण संस्थाले मन्त्रालयको सहमति लिई संस्थामा कार्यरत कर्मचारीलाई स्वेच्छिक अवकाश दिने प्रयोजनका लागि मापदण्ड तथा कार्यविधि बनाई लागू गर्नसक्ने उल्लेख छ ।

### सुधारका केही सुझावहरू:

ऐनको प्रावधानलाई कार्यान्वयन गर्नका लागि सार्वजनिक सेवा प्रसारण नियमावलीको महत्त्वपूर्ण भूमिका रहन्छ । नियमावलीमा ऐनमा समेटिन नसकिएको कुराहरूलाई कार्यान्वयनको चरणमा लानुअघि पिएसबीमा सरकारी नियन्त्रण नहुँदा ती संस्थाले कसरी निष्पक्ष, सन्तुलित र निडर भएर समाचार सामग्री पस्कन सक्छन् भन्ने कार्य भविष्यका लागि उदाहरण मानिने छ । भविष्यमा नियमावली तयार गर्दा निम्न कुरामा ध्यान दिँदा राम्रो हुने छः

सार्वजनिक सेवा प्रसारणको एक महत्त्वपूर्ण विशेषता आर्थिक स्वायत्तता हो । त्यस्ता स्रोतमा नेपाल सरकारको अनुदान, प्रदेश र स्थानीय तहबाट प्राप्त अनुदान, वैदेशिक स्रोत र संस्थाको आफ्नो आम्दानी भनी तोकिएको छ । स्रोत व्यवस्थाका लागि बजार र सरकारको निगाहमा भर पर्दा सार्वजनिक सेवा प्रसारण संस्था स्वतन्त्र र निष्पक्ष हुन सक्दैन । ऐनमा फ्रिक्वेन्सीको सुनिश्चितता गरेजस्तै सरकारबाट बजेटको सुनिश्चित हुनेगरी नियमावलीमा व्यवस्था गर्नुपर्दछ । रेडियो नेपाल र नेपाल टेलिभिजन गैरनाफामुखी, राजनीतिक हस्तक्षेपबाट मुक्त, व्यापारिक समूहको दबाबबाट स्वतन्त्र तथा राज्यको नियन्त्रणबाट मुक्त भई आमनागरिकलाई सूचना, शिक्षा र मनोरञ्जन दिनेगरी साँच्चिकै सार्वजनिक सेवा प्रसारणका सम्बन्धमा विश्वव्यापीरूपमा स्वीकारिएका आधारभूत मान्यताअनुसार सञ्चालन गर्ने सहज वातावरण बनाइनुपर्दछ ।

पिएसबी मोडलको विशेषताभित्र पर्ने सम्पादकीय स्वतन्त्रताको सुनिश्चितता, गुणस्तरीय, सन्तुलित एवं विश्वसनीय समाचार सामग्रीमार्फत स्वच्छ जनमत तयार गर्नु भएकाले लोकतान्त्रिक मूल्य, मान्यता र स्वतन्त्र पत्रकारिताको मर्मअनुसार स्वच्छ, निष्पक्ष र जनताप्रति उत्तरदायी भएर नागरिकलाई सुसूचित गर्नु सार्वजनिक सेवा प्रसारणको मुख्य उद्देश्य कार्यान्वयन हुने गरी नियमावलीमा व्यवस्था गर्नुपर्ने हुन्छ । ऐनका प्रभावकारी कार्यान्वयन सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । कानुनको सशक्त कार्यान्वयन हुन नसकेको अवस्थामा राम्रो भनिएको कानुन पनि प्रभावकारी नहुन सक्छ । अर्कातिर योग्य र क्षमतावान् मान्छे नियुक्त नगरेसम्म कानुन बनाएर मात्र पनि हुँदैन । कार्यकारी अध्यक्षको नियुक्ति गर्दा कम्तीमा शैक्षिक योग्यता स्नातकोत्तर भएका र कुनै पनि निकायमा व्यवस्थापकीय भूमिकामा रही अनुभव सँगालेका व्यक्तिहरूमध्येबाट गरिनु पर्दछ ।

रेडियो नेपाल र नेपाल टेलिभिजनको केन्द्रीय भवन सिंहदरबारभित्र रहेकाले सर्वसाधारण नागरिकको पहुँच सीमित हुनसक्ने सम्भावनालाई दृष्टिगत गरी यस संस्थामा नागरिकको पहुँच बढाउन सिंहदरबार बाहिर यसको केन्द्रीय कार्यालय स्थापना गर्नुपर्ने देखिन्छ । कस्तो भवन बनाउने भन्ने सम्बन्धमा २०७३ सालमै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा जाइकाको सहयोगमा सञ्चालित मेप परियोजनामार्फत पेस गरिएको भवन र स्टुडियोको डिजाइनमा हालको प्रविधिको विकाससँगै थप परिमार्जन गरी रेडियो नेपालको भैंसेपाटीमा रहेको जग्गामा भवन निर्माण गर्न सकिन्छ ।

हाल दुवै संस्थामा कार्यरत कर्मचारीहरूलाई निजहरूले खाइपाइ आएको सेवा सुविधामा कुनै असर नपर्नेगरी जनशक्ति व्यवस्थापनमा हालको दरबन्दी समायोजन गरी उनीहरूको आत्मवल बढाउनुपर्छ । संस्थाको कार्यकारी अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको कार्यकारी अधिकारको विषयमा विवाद हुन नदिनका लागि अब बन्ने सार्वजनिक सेवा प्रसारण नियमावली, आर्थिक नियमावली र कर्मचारी सेवा सर्त विनियमावलीमा दुवैको अधिकारलाई प्रस्ट गरिनु पर्दछ । *रासस*

*(लेखक अधिवक्ता तथा रेडियो नेपालका पूर्वकार्यकारी निर्देशक हुन्)*

## पत्र-मञ्जुषा

# देश बनाउँछौं भन्नेहरू आए, गए

यो देश बनाउँछौं भन्नेहरू धेरै आए, गए । गिरिजाप्रसाद, कृष्णप्रसाद, गणेशमान, माधवकुमार, बाबुराम, खडग ओली, झलनाथ अनि शेरबहादुर आदि । त्यसैगरी सहर बनाउँछु भन्नेहरू विद्यासुन्दर, पद्मरत्न तुलाधर, केशव स्थापित आदि । तर गए कहाँ ? गरे के ?

आए, खाए, गए भन्दा अरू छ केही महोदय ? खान त राणाहरूले पनि खाए । केही भौतिक विकास पनि गरे । शाहहरू पनि आए । केही भौतिक विकासहरू पनि गरे । तर आफ्नालाई खुवाए, आफूहरूले खाए अनि गए । त्यस्तै त भयो यो दलीय व्यवस्था पनि ।

महेन्द्रले दलीय व्यवस्था माटो र संस्कारले फाफसिद्द हुने छैन भने । आखिर सत्य सावित बनाइदिए अरूले । अब सबैमाथि प्रश्न चिह्न पनि उठ्यो, उठाइयो, कहाँ छ निष्पक्षता ? कहाँ छ कानुनी राज ? झण्डै लोकतान्त्रिक व्यवस्थामा खराबीकै बाहुल्यता हुन्छ भन्ने सत्य सावित भइदियो ।

आखिर यत्रो वितृष्णा किन ? कहाँ पुऱ्याउँछ यसले देशलाई ? सोचेर निर्णय लिने अवस्था आइसक्यो । हामी जनताले सही नेतृत्व नचुन्दा हामीले नै दुःख पाइरहेका छौं । देश अघि बढ्न सकेको छैन । अब यसलाई चिर्दै अगाडि बढ्नुको विकल्प छैन । त्यसैले अब राजनीतिक चेतना बढाएर असलकर्मीलाई छानौं, अन्यथा पश्चातापबाहेक अरू हात लाग्ने देखिँदैन । बेलैमा सचेत होऔं ।

यज्ञबहादुर कार्की
गुण्डु, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । *-संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**धान झाट्दै कृषक** | अर्घाखाँचीको सन्धिखर्क नगरपालिका जलजलेमा परम्परागत शैलीमा धान झाट्दै स्थानीय कृषक । यतिबेला कृषकलाई स्याहार्ने चटारो छ ।
*तस्बिरः प्रेमनारायण आचार्य/रासस*

# बेसहाराका लागि ‘सहारा घर’

**भजनी (कैलाली)**– कैलालीको बौनियामा रहेको सहारा घर बेसहाराका आश्रयस्थल बनेको छ । वि.सं. २०७२ मा उनले आश्रयको खोजी गरिरहेका बेसहारालाई सहारा दिने उद्देश्यले स्थापना गरिएको ‘सहारा घर’ आज सडक मानवका लागि महत्त्वपूर्ण आश्रयस्थल बनेको हो ।



परिवार र समाजबाट अपहेलित भएर पागलको संज्ञा पाएका सयौं बेसहाराहरू सहारा घरको सयोगमा सामान्य जीवन निर्वाह गर्न सफल भएका सहारा घरका संस्थापक संरक्षक बलबहादुर विष्टले बताए । ‘परिवार र समाजले नचिनेका सबै क्षेत्रबाट अपहेलनामा परेकालाई सहारा दिने उद्देश्यले यो घर स्थापना गरेका हौं,’ उनले भने, ‘वि.सं. २०७२ देखि हालसम्म सडकबाट उठाएर ल्याइएका ४०५ जनाको उपचारपछि निको भएर पारिवारिक मिलन गराएका छौं ।’

सहाराका लागि ल्याइएका ३८ जनाले यही घरमा देह त्याग गरेका भन्दै विष्टले देह त्याग गरेकाको सम्झनामा ‘सहारा शान्तिवाटिका’ निर्माण गरिएको जानकारी दिए । उनका अनुसार अहिले पनि सहारा घरमा ५८ जना सडक बेसहाराले सहारा लिइरहेका छन् ।

‘यहाँ रहनुभएका सबैले मानसिक सन्तुलन गुमाउनुभएको छैन । शारीरिक, मानसिक तथा अन्य कारणले परिवार र समाजबाट अपहेलित भएर सडकमा आएकाहरू यहाँ पुगेपछि अनुशासनलाई पालना गरेर बस्नुभएको छ । यहाँ आउने अधिकांश बाध्यताले सडकमा पुग्ने अवस्था छ,’ संस्थापक विष्टले भने ।

घरलाई बर्दगोरिया गाउँपालिकाका साथै कैलालीका अन्य पालिकाले पनि सहयोग गर्दै आएका विष्टले बताए । विभिन्न संघसंस्थाले आवास निर्माणमा सहयोग गरिरहेका छन् । ‘घरमा एउटा एम्बुलेन्सको व्यवस्था गरिएको छ । सुदूरपश्चिम प्रदेशले पनि सहारा घरलाई सहयोग गर्दै आएको छ,’ उनले भने ।

सहारा खोजिरहेका मानिसको जिम्मा राज्यले लिनुपर्ने संस्थापक विष्टको जोड छ । उनले कुनै व्यक्ति वा संस्थाले सुरुआत गरेर राज्यले गर्ने काममा साथ दिएको भन्दै त्यसको स्वामित्व राज्यले लिनुपर्ने र मानिसको आधारभूत अधिकार प्रदान गरिनुपर्नेमा जोड दिए । ‘राज्यले मानवमुक्त सडक बनाउने नीति लिएको छ, अब बेसहारालाई सहारा दिने काम पनि गर्नुपर्छ,’ उनले भने ।

सहारा घरमा रहेका बेसहाराका लागि नागरिकस्तरबाट राम्रो सहयोग प्राप्त हुने गरेको संस्थापक विष्टले बताए । उनका अनुसार कैलालीको टीकापुरस्थित गुडिमुन्टे समूहले देउसीभैलोबाट संकलन भएको रकमबाट एक दिनको भोजन गराएको छ ।

समूहले देउसीभैलोबाट संकलन भएको चामलसहित सात हजार ५०० रूपैयाँ हस्तान्तरण गरिएको देउसीभैलोका संयोजक राजेन्द्र विश्वकर्माले बताए । ‘बर्सेनि देउसीभैलोबाट संकलन भएको रकमको २० प्रतिशत सामाजिक क्षेत्रमा सहयोग गर्दै आएका छौं । यस वर्ष पनि सोहीअनुसार सहयोग गरेका हौं,’ उनले भने, ‘देउसीभैलोमा संकलन भएको केही रकम समाजिक कार्यमा सहयोग गर्दा सकारात्मक सन्देश प्रवाह हुन्छ ।’ *रासस*

# महिला र दलित विद्यार्थीलाई अध्ययन शुल्कमा छुट

**खोटाङ (प्रस)**– रावाबेंसी गाउँपालिका-२ खार्पामा सञ्चालित रावा क्याम्पसले स्नातक तहमा अध्ययन गर्ने महिला र दलित समुदायका विद्यार्थीलाई अध्ययन शुल्कमा ५० प्रतिशत छुट दिने भएको छ ।

क्याम्पस व्यवस्थापन समितिले महिला र दलित विद्यार्थीलाई छुट दिने निर्णय कार्यान्वयनमा आइसकेको क्याम्पस प्रमुख दीपक पोखरेलले जानकारी दिए । ‘अन्य विद्यार्थीलाई पनि २५ प्रतिशत छुटको व्यवस्था गरिएको छ । रावा क्याम्पसमा अध्ययनरत स्नातक तहका सबै विद्यार्थीले वर्षमा १० हजार रूपैयाँ शुल्क बुझाउनुपर्थ्यो । यस वर्षबाट महिला र दलित समुदायका विद्यार्थीले पाँच हजार रूपैयाँ र अन्य विद्यार्थीले सात हजार ५०० रूपैयाँमात्र बुझाउनुपर्छ,’ उनले भने, ‘त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त रावा क्याम्पसमा शिक्षाशास्त्र संकायमा स्नातक तहको पठनपाठन भइरहेको छ । क्याम्पस व्यवस्थापन समितिको यो निर्णयले विद्यार्थी उत्साहित भएका छन् ।’

वि.सं. २०६५ मा स्थापना भएको रावा क्याम्पसमा खोटाङसहित छिमेकी जिल्ला ओखलढुंगाका विद्यार्थी अध्ययनरत छन् । क्याम्पसका लागि आवश्यक कक्षाकोठा र छात्राबासको भवन भारतीय दूतावासको आर्थिक सहयोगमा निर्माण गरिएको छ । एउटै विषयमा पठनपाठन भइरहेको रावा क्याम्पसमा पुस्तकालय, कम्प्युटर प्रयोगशालालगायत सुविधा रहेको जनाइएको छ ।

# पाकापुस्ताको भरमा ‘मारुनी नाच’



■ **शशिधर भण्डारी**

**स्वर्गद्वारी (प्यूठान)**– प्यूठान नगरपालिका-६ माझकोट फुकेथुमका ७७ वर्षीय मारुनी नाचका गुरुमुखे खगे पुन वृद्धावस्थामा पनि युवाजस्तै जोसिलो पारामा मारुनी देखाउँछन् । उनको मारुनीमा विधिपूर्वक गाउने मोह युवापुस्ताको जस्तै छ । गाउँका युवालाई साथमा लिएर माझकोटसहित प्यूठानका सरायँ मेलाहरूमा मारुनी देखाउन पुन अहिले पनि पुग्छन् ।

पुनले आफूले जान्ने भएदेखि बाबुबाजेका साथमा मारुनी देखाउन थालेको बताए । गाउँमा अहिले फुर्केथुम मारुनी नाच तथा भैलो समूह गठन गरेर गुरुमुखेको रूपमा मारुनी प्रदर्शन गरिन्छ । पूजाआजा, गाउँमा देउसीभैलोसँगै, जिल्लामा हुने सरायँ मेला, भाइटीकाको दिन हुने पुरभुरे (जेठो छोरो जन्मिँदा मगर समुदायमा तिहारमा गरिने छैंठीको प्रकार), छैंठी, आमन्त्रण गरिएका देवालीहरूमा मारुनी प्रदर्शन गर्ने गरेको पुनले जानकारी दिए ।

‘मारुनी पछिल्लो समय संकटमा पर्दै गएको छ, युवापुस्ता वैदेशिक रोजगारी, पेसा व्यवसाय तथा शिक्षाको सिलसिलामा गाउँबाहिर तथा विदेश जाने गरेकाले गाउन र नाच्न रहर गर्ने युवा भेटिँदैन,’ पुनले भने, ‘केहीलाई साथमा लिएर सिकाउने गरेका छौं तर उनीहरू पनि कतिबेला विदेसिने हुन् ठेगान छैन ।’ गाउँबाट टाढाटाढा नाच देखाउन जान यातायात, आभूषणको पर्याप्त व्यवस्था भए पनि युवा शक्ति नहुँदा समस्या भएको उनको भनाइ छ । पहिला आमा, दिदीबहिनीका सारी, चोलोलगायत वेशभूषा, गरगहना लगाएर नाच्ने गरिएको उनले अनुभव सुनाए ।

प्यूठान-६ माझकोट निवासी शिक्षकसमेत रहनुभएका मादले पोषण पुनले सिंगारु (महिला वेष), पूरसुंगे (पुरुष) एक/एक र मादले दुई गरी चार जनाले नृत्य गर्ने बताए । माझकोटमा दसैंको अष्टमीमा वृद्धिकोटमा समुद्र बाँध्ने (मारुनी सुरुको प्रथम चरणमा देवदेवीको नाम पुकारी नाच्दै मारुनी सुरु गरिने), दसैंको पूर्णिमामा प्यूठान-७ बखडी, डल्लेमा मौलो मान्नका लागि ल्याइने, तिहारमा देउसीभैलो, पूजा, पुरभुरे, देवालीमा मारुनी प्रदशर्नी गर्न लगेर पुस मसान्तभित्र मारुनी विसर्जन गर्ने प्रचलन रहेको पुनले जानकारी दिए ।

उनका अनुसार मारुनीमा कृष्ण चरित्र, रामायण, महाभारत, मायाप्रेमका कथा, नारीहरूको वेदना, खुसियाली, बालापन, समयअनुसारका गीत (भाले बास्ने, घाम झल्कने, दिउँसो, साँझ, राति, मध्यराति, बिहानी समय), सन्यासीका कुरालाई मारुनीको तालमा गाइन्छ । ‘सबै गीतहरू गाउने हो भने एक महिना लाग्छ, लिपिबद्ध छैनन्, सम्झीसम्झी गाउनुपर्छ । युवापुस्तामा सिक्ने समय र चाहना नै छैन,’ पुनले भने, ‘खर्चिलो, बढी समय लाग्ने हुँदा नयाँ पुस्ताले चासो दिँदैनन् । परम्पराले अहिलेसम्म निरन्तरता पाउनुको कारण पुरानै पुस्ता नै हो ।’

मारुनीमा सोरठी, झुमरा, चुड्का, बाटाताललगायत फरक-फरक तालका नृत्य प्रस्तुत हुन्छन् । पुनका अनुसार मारुनी विसर्जन गरेपछि मादल, खाँकर, मुजुरा, बाँसुरी एक वर्ष बजाउन मिल्दैन । ‘गीत निकाल्ने मारुनीको मुख्यलाई प्यूठानमा गुरमुखे भनिन्छ । ‘मारुनी’ नृत्यको मुख्य पात्र हुन् । मारुनी मादलेको तालसँगै अगाडि-पछाडि घुमेर नाच्छन् । वेशभूषामा सजिएर एकपटक मारुनी बनिसकेपछि नाचको पूरा अवधिसम्म बदलिन पाउँदैनन् । एउटा गीत पूरा नहुँदासम्म नाचिरहनुपर्छ,’ उनले भने ।

पहिला पूजा, न्वरान, छैंठी, देवाली, मेलामा अनिवार्यजसो मारुनी नाचिने गरेकामा पछिल्ला वर्षहरूमा युवापुस्ताको मोह नहुँदा कमै मात्रामा देखाइने गरिएको मादले पुनले बताए । ठूला सांस्कृतिक कार्यक्रम, महोत्सवमा संस्कृति जोगाउन पनि मारुनी नाच्ने गरिएको उनको भनाइ छ ।

समूहमा नाच्ने व्यक्तिले गुनियो, चोली, पटुका, गरगहना, घलेक, घाँगर, घाँगरी, मुजेत्रो लगाउने चलन रहेको मारुनीका जानकार लीला पुनले बताए । मगर संस्कृति संरक्षण मञ्च गठन गरी वि.सं. २०७८ देखि मारुनी नाच प्रदर्शनी गरेका उनले युवापुस्ताले चासो नदिँदा यस वर्ष मारुनी देखाउन नसकिएको उल्लेख गरे ।

‘तिहारको लक्ष्मी पूजाका दिनदेखि सुरु गरेर माघी पर्वलाई बिदा गर्दै मारुनी विसर्जन गर्ने चलन थियो । अहिले लामो समयसम्म खट्ने युवा भेटिएनन्,’ पुनले भने, ‘गत वर्ष नाचेका मारुनी यस वर्ष शारीरिक समस्याका कारण नाच्न सक्नुभएन ।’ पहिला मारुनीका सबै विधि देखाउने गरेकामा अहिले समुदायमा सिक्ने व्यक्ति नहुँदा कहिलेकाही मेला, महोत्सव तथा विविध कार्यक्रममा मात्रै सीमित बनेको उनले बताए । परम्परागत संस्कृति संरक्षणमा सरोकार भएका निकायले ध्यान नदिँदा जिल्लाका अधिकांश स्थानमा मारुनी नाच लोप हुँदै गएको जानकारहरू बताउँछन् । *रासस*

# जनकपुरधाममा विवाह पञ्चमी महोत्सवको तयारी

**धनुषा (प्रस)**– रामजानकी विवाह पञ्चमी महोत्सवमा यसपटक अयोध्याबाट जन्ती आउने भएको छ । ५०० भन्दा बढीको संख्यामा आउने सो जन्तीको स्वागत लगायतको तयारी पनि जनकपुरधाममा सुरु भइसकेको छ ।



जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले विवाह पञ्चमी महोत्सव तयारीका क्रममा जानकी मन्दिरमा सर्वपक्षीय बैठक गरिएको जानकारी दिए । विश्व हिन्दू परिषद्का अन्तर्राष्ट्रिय महामन्त्री राजेन्द्रसिंह पंकज, रामजन्म भूमि तीर्थ क्षेत्र ट्रस्टका चम्पत रायलगायतका व्यक्ति जन्तीमा सहभागी भएर आउन लागेको महन्थ दासले बताए ।

विवाह पञ्चमी महोत्सवमा जन्ती आउन अयोध्याका सन्तमहन्तलाई आमन्त्रण गर्न आगामी मंसिर १ गते जानकी मन्दिरबाट तिलक लगिने भएको छ । हरेक पाँच वर्षमा सीताराम विवाह महोत्सवको अवसरमा अयोध्याबाट जन्ती आउने गरेको छ । मिथिलामा जन्ती आउनुभन्दा अगावै बेहुलालाई तिलक चढाउने चलन छ । त्यस परम्परालाई निर्वाह गर्दै जानकी मन्दिरले अयोध्या तिलक पठाउने तयारी गरेको महन्थ दासले जानकारी दिए ।

विवाह महोत्सवमा जन्तीको निम्तोका लागि तिलक लिएर जान मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंह इच्छुक देखिएका छन् । यद्यपि, मुख्यमन्त्री सिंहले तिलकमा अयोध्या जाने विषयमा निर्णय भइनसकेको बताए । उनले तिलकको अगुवाइ गर्न आफूलाई आग्रह गरिएको भए पनि त्यस सम्बन्धमा भारतीय पक्षबाट औपचारिकता पूरा भएपछि निर्णय लिने बताए । आगामी दुई/तीन दिनभित्रै यस सम्बन्धमा निर्णय लिने मुख्यमन्त्री सिंहले जनाए ।

हालसम्मको तयारीअनुसार जानकी मन्दिरले पठाउने तिलकको नेतृत्व उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले गर्ने छन् । तिलकमा दाससँगै विभिन्न मठमन्दिरका साधुसन्त, सामाजिक र धार्मिक क्षेत्रमा सक्रिय स्थानीय बासिन्दाको सहभागिता रहने बताइएको छ । तिलकका लागि अयोध्याबाट विश्व हिन्दू परिषद्का प्रतिनिधिले तिलकका सहभागीको स्वागत सम्मान गर्ने कार्यक्रम रहेको छ । जानकी मन्दिरबाट जन्ती ल्याउन आमन्त्रण ठाकुर (हजाम) द्वारा निम्तो पठाइएको जानकी मन्दिरका महन्त दास वैष्णवले बताए ।

अयोध्याबाट जन्तीको अगुवाइ राम मन्दिर ट्रस्टका सचिव सम्पत्त रायले गर्ने बताइएको छ । जन्तीमा मनिराम छाउनीका उत्तराधिकारी महन्त कमलनयन दास, ऋषिकेषका महन्त डा. रामेश्वर दास, दिगम्बर अखाडाका महन्त, सतुवा बाबाको आश्रमका मुख्यमहन्तलगायत ५०० बढीको सहभागिता रहने बताइएको छ ।

मंसिर २१ गते सीताराम विवाह महोत्सवको मूल समारोह हुने छ । त्यसमा अयोध्याबाट आउने जन्तीको सहभागिता रहने छ । अयोध्याबाट प्रस्थान गर्ने जन्तीको मार्ग, समय र रात्रि विश्रामस्थल निर्धारण गरिएको छ । अयोध्याबाट मंसिर ११ गते जन्ती प्रस्थान गर्नेछ । कारसेवकपुरम अयोध्याधामबाट बिहान साढे ८ बजे प्रस्थान गर्ने जन्ती गुसाइकुञ्ज, अम्बेडकर नगर, बसखारी हुँदै रात्रि विश्राम आर्यमगढ (आजमगढ)मा हुने छ ।

दोस्रो दिन जन्ती आर्यमगढबाट मऊ, रसडा, फैफना कारो हुँदै रात्रि विश्राम बिहार राज्यको बक्सरमा हुने छ । तेस्रो दिन बिहान बक्सरबाट प्रस्थान गरी ब्रह्मा स्थान चौराहा, आरा, बिहटा, दानापुर हुँदै रात्रि विश्राम पाटली पुत्र पटनामा हुने छ । चौथो दिन पटनाबाट हाजीपुर वैशाली हुँदै काँटीमा रात्रि विश्राम हुने छ । त्यस दिन दिवा विश्रामको स्थान टुंगो लागेको छैन ।

पाँचौं दिन शाँटीबाट प्रस्थान गर्ने जन्ती शिवहर, रुन्नी सैदपुर हुँदै सीतामढीको पुनौराधाममा रात्रि विश्राम गर्ने छ । छैटौं दिन सीतामढीबाट पुपरी, अहिल्यास्थान हुँदै बेनीपट्टीमा रात्रि विश्राम हुने छ । सातौं दिन बेनीपट्टीबाट बासोपट्टी, विसौल, फुलहरहुँदै रात्रि विश्राम मधवापुर मटिहानीमा हुने छ ।

आठौं दिन मंसिर १८ गते जन्ती मटिहानीबाट जलेश्वर, पिपरा हुँदै साँझ नगरदर्शन गरी मिथिलापुरी जनकपुरधाममा विश्राम गर्ने छ । नवौं दिन जन्ती सीताराम विवाह महोत्सवको अवसरमा मंसिर १९ गते अपराह्न २ बजे राम मन्दिरमा आयोजना हुने तिलकोत्सवमा सहभागी हुने छ ।

मंसिर २० गते १०औं दिन जन्ती बिहान धनुषाधामको दर्शन र दिउँसो गंगासागरमा आयोजना हुने मटकोर समारोहमा सहभागी हुने कार्यक्रम रहेको छ । यस्तै ११औं दिन मंसिर २१ गते सीताराम विवाह महोत्सवको मूल समारोहमा आयोजना हुने बाह्रबिघा (रंगभूमि) मा आयोजना हुने स्वयंवर, त्यसपश्चात् नगर भ्रमण र रात्रिकाल विवाह महोत्सव समारोहमा जन्ती सहभागी हुने छ ।

यसैगरी १२औं दिन बिहान जानकी मन्दिरपरिसरमा सीताराम महाभिषेकम् (५१ तीर्थस्थलको जलबाट अभिषेक) गरिने र रामकलेवा (बिदाइ भोज) मा सहभागी भइ रात्रि सामूहिक विवाह कार्यक्रममा सहभागिता जनाउने कार्यक्रम छ । तेह्रौं दिन जन्ती बिहान जनकपुरधामबाट अयोध्याधाम फर्कने छ । पिपरा, मनरा, मलंगवा हुँदै धनकौलमा स्वागत र रात्रि विश्राम वीरगञ्जको मौलीपुरमा हुने छ । चौधौं दिन जन्ती बिहान वीरगञ्जबाट प्रस्थान गरी मोतिहारी बाइपास, गोपालगञ्ज, कुशीनगर हुँदै गोरखपुर अयोध्याम पुग्ने छ ।


**युएईमा रोजगार** — कम्पनी : STRD CARPENTRY AND FLOORING CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/२४ | LT. No. 313231 | चलानी नं. ६०२२७७६५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब aed | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason Assistant | 3 | 0 | 1200 | ४४,३४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labour | 3 | 0 | 1200 | ४४,३४३ | | | | | | | |
| 3 | Scaffolder/Steel Fixer | 3 | 0 | 1200 | ४४,३४३ | | | | | | | |
| 4 | BRICK LAYER | 3 | 0 | 1200 | ४४,३४३ | | | | | | | |
| 5 | CARPENTER/INSTALLER HELPER | 3 | 0 | 1200 | ४४,३४३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर २ गते (17 Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PARADISE HUMAN RESORCE PVT. LTD
KMC-9, Jamuna Galli, Kathmandu, Tel: 01-5921521, 5921522, Email: paradisehuman123@gmail.com, info@paradisehumanresource.com.np, Web: www.paradisehumanresource.com.np
श्रम इजाजत नं. १६८४/०८०/०८१



**साउदीमा रोजगार** — कम्पनी : ZAMA INTERNATIONAL COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०७/२४ | LT. No. 313248 | चलानी नं. ६०२२७६४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 4 | 0 | 1800 | ६५,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EATAA TRADING COMPANY ONE PERSON COMPANY CO

पूर्व स्वीकृति मिति : २०८१/०७/२४ | LT. No. 313252 | चलानी नं. ६०२२७६४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 1 | 0 | 1200 | ४३,३६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 1 | 0 | 1200 | ४३,३६३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर २ गते (17th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Reliance Recruitment Services Pvt. Ltd.
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np
श्रम इजाजत नं. ९७१/०६७/०६८



**साउदीमा रोजगार** — कम्पनी : MOAZ SULAIMAN BIN MUHAMMAD AL MATROUDI CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८१/०७/२४ | LT. No. 313203 | चलानी नं. ६०२२७६६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FAST FOOD MAKER | 1 | 0 | 1400 | ५०,५९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर २ गते (17th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

# प्रभाव दैनिक

आइतबार, २५ कात्तिक २०८१ (Sunday, November 10, 2024)





## द एन्जल्स ब्यान्डको 'कति छन्' सार्वजनिक

'द एन्जल्स ब्यान्ड'ले 'कति छन्' शीर्षकको नयाँ गीत सार्वजनिक गरेको छ। गीतमा ब्यान्डका प्रमुख गायक राजु लामाले स्वर दिएका छन् । संगीत र शब्द स्व.सुनिल बर्देवाले तयार पारेका गीतको भिडियोमा द एन्जल्स ब्यान्डका सदस्यहरूको प्रस्तुति रहेको छ, जसमा गायक राजु लामासँगै राजेश, विकाश र ताशी रहेका छन् । भिडियोको निर्देशन र छायांकन संगमले गरेका छन् भने ग्राफिक्सको काम बालकृष्ण श्रेष्ठले गरेका छन् । भिडियो सम्पादनमा अन्जय खड्का र बालकृष्ण श्रेष्ठले सहकार्य गरेका छन् ।



# 'विराट म्युजिक एन्ड फिल्म अवार्ड'को तेस्रो संस्करण हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली गीत सङ्गीत र फिल्म क्षेत्रका कलाकर्मीलाई अवार्ड तथा सम्मान प्रदान गर्ने उद्देश्यले आयोजना गरिने 'विराट म्युजिक एन्ड फिल्म अवार्ड' को तेस्रो संस्करणको लागी गीत,सङ्गीत तथा फिल्मको दर्ता आव्हान गरिएको छ ।

२०८० सालमा प्रदर्शनमा आएका चलचित्र तथा २०८० सालमा रिलिज भएका गीत सङ्गीत समावेश गरिने अवार्ड आयोजक संस्था सेलिब्रेटी नेपाल प्रतिष्ठानका अध्यक्ष रघुनाथ सापकोटाले जानकारी दिए ।

सेलिब्रेटी नेपाल प्रतिष्ठानको आयोजनमा हुने कार्यक्रममा




२०८० सालमा प्रदर्शनमा आएका फिल्म र गीत सङ्गीत समावेश गरेर उत्कृष्टलाई अवार्ड प्रदान गरिने छ। 'तेस्रो विराट म्युजिक एन्ड फिल्म अवार्ड' आयोजना हुने मिति र स्थान छिट्टै सार्वजनिक गरिने सापकोटाले बताए ।

यसअघि दुई संस्करण भव्य र सभ्य रूपमा सम्पन्न भएको अवार्डको तेस्रो संस्करण अझै भव्य हुने आयोजकले विश्वास लिएको छ। अवार्डको लागि दर्ता भएका गीत,सङ्गीत तथा फिल्मको उत्कृष्ट पाँच मनोनयन सार्वजनिक गरिने र ती उत्कृष्ट पाँच बाट उत्कृष्टलाई अवार्ड प्रदान गरिने कार्यक्रम संयोजक सुरज पौडेलले जानकारी दिए ।

# सकियो चलचित्र 'फयाक्चर'को छायांकन

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'पुजार सार्की' निर्माण गरेको कम्पनी किङ्डम नेटवर्कले दोस्रो चलचित्र 'फयाक्चर' निर्माण गरेको छ । चलिचत्रको सम्पूर्ण छायांकन सकिएको छ । अमेरिकाका प्रसिद्ध निर्देशक रायन ट्राभिसले निर्देशन गरेको चलचित्र पूर्ण रूपमा अङ्ग्रेजी भाषामा रहेको छ ।

नेपालका अभिनेता आर्यन सिग्देलसँगै हलिउड अभिनेता ट्रेन्टन रोस्टेड्टको मुख्य भूमिका रहेको चलचित्रमा बुद्धि तामाङ, आशिष पुरुष, अनिता पण्डित, गुणराज श्रेष्ठ लगायत कलाकारले अभिनय गरेका छन् । किङ्डम नेटवर्क हालै मात्र संयुक्त राज्य अमेरिकामा समेत स्थापना गरी यो चलचित्र निर्माण गरिएको निर्माता सुवास भुसालले बताएका छन् । भुसालले यस चलचित्रले नेपाली चलचित्र उद्योगलाई अन्तर ाष्ट्रिय चलचित्रकर्मी, अन्तर्राष्ट्रिय बजार र दर्शकसँग जोड्ने नयाँ प्रयासको प्रतिनिधित्व गर्ने जनाए ।

चलचित्रको प्राय: दृश्यहरू नेपालमा छायांकन गरिएको छ । चलचित्रका करिब ७० प्रतिशत दृश्यहरू काठमाडौं, ललितपुर, भक्तपुर, पनौती, लुक्ला तथा सगरमाथा बेस क्याम्पसम्म पुगी छायांकन गरिएको छ । 'फ्रयाक्चर' को कथा एक जना अमेरिकी



सैनिक ज्याक स्टेन्टन नामक पात्रको वरिपरि घुम्छ, जसले आफ्नो नेपालमा हराएको साथीलाई बचाउन नेपालको सगरमाथा क्षेत्रको खतरनाक यात्रा गर्छ। यस चलचित्रमा मानवीय साहस र संघर्षलाई पर्दामा जीवित रूपमा उतारिएको निर्देशक ट्राभिसले जनाए ।

# 'अञ्जिला'को वर्ल्ड प्रिमियर हङकङमा हुने




■ प्रभाव संवाददाता

**काठमाडौं–** महिला राष्ट्रिय फुटबल टिमकी क्याप्टेन तथा गोलरक्षक एञ्जिला तुम्बापो सुब्बाको जीवनमा आधारित फिल्म 'अञ्जिला' को वर्ल्ड प्रिमियर हङकङमा हुने भएको छ ।

शुक्रबार फिल्मको पोस्टर सार्वजनिक गर्दै मंसिर २३ (डिसेम्बर ८) मा वर्ल्ड प्रिमियर हुने भएको जानकारी दिइएको हो । प्रिमियरमा एञ्जिला तुम्बापो सुब्बा र निर्देशक मिलन चाम्स सहभागी हुनेछन् ।

हङकङ प्रिमियरपछि नेपाल रिलिजअगावै यो फिल्मको प्रदर्शनी युके, अमेरिका, अस्ट्रेलिया र जापानमा हुने निर्माता प्रेम कुमार श्रेष्ठले बताए । नेपालमा भने यो फिल्मको रिलिज मिति फागुन २९ गतेलाई तोकिएको छ ।

फिल्ममा एञ्जिला आँफै मुख्य भूमिकामा देखिएकी छिन् भने दयाहाङ राई, सुनील थापा, विजय बराल, सिर्जना सुब्बा, माओत्से गुरूङ र बुद्धि तामाङलगायत कलाकारहरूको अभिनय छ । निर्माता प्रेम कुमार श्रेष्ठले पनि फिल्मको अभिनय गरेका छन् ।

फिल्मको छायांकन एञ्जिलाको जन्मथलो इलामको आइतबारे, झापा र काठमाडौंमा गरिएको छ ।

निर्देशक मिलन चाम्सले यो फिल्मले फरक प्रकारको प्रभाव छोड्ने विश्वास व्यक्त गरे । उनका अनुसार फिल्मले एञ्जिलाको बाल्यकालदेखि खेल जीवनसम्मको संघर्ष र सफलताको कथालाई चित्रण गर्दै इच्छाशक्ति भए असम्भव केही छैन भन्ने सन्देश दिन खोजेको छ ।

फिल्मलाई सुदीप बरालले छायांकन, मिलन श्रेष्ठले सम्पादन गरेका छन् । मुन लभ इन्टरटेन्मेन्टको ब्यानरमा निर्मित फिल्मको सह-निर्मातामा टुबेन्द्र लिम्बु, विनोद अग्रवाल र राजेश बगडिया छन् ।

## रंगशाला

### महिला यु-१९ विश्वकप एसिया छनोट

# युएईसँग नेपाल पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** युएईमा जारी आइसिसी यु-१९ महिला टि-२० विश्वकप एसिया छनोटको तेस्रो खेलमा नेपालले हार व्यहोरेको छ । युनाइटेड अरब इमिरेट्स (युएई)को अजमानस्थित द सेभेन रंगशालामा शनिबार भएको खेलमा घरेलु टोली युएईले नेपाललाई १३ रनले हराएको हो ।

युएईले दिएको एक सय २३ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर एक सय नौ रन मात्रै बनाउन सक्यो । नेपालका लागि कप्तान पूजा महतोले सर्वाधिक ४८ रन बनाइन् । उनले ४३ बलमा ५ चौकाको मद्दतले सर्वाधिक ४८ रन बनाएकी हुन् । साना प्रवीण र सोनी पाखिनले समान १९/१९ रन बनाए । ज्योत्स्निका मरासिनीले ११, सावित्री धामीले ७ र एलिशाकुमारी यादवले तीन रन बनाइन् । यो खेलमा नेपालले अतिरिक्त तीन रन पाएको छ । युएईका लागि इन्धुजा नन्दकुमार, लावन्या केनी र मेहक ठाकुरले समान १/१ विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको युएईले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १२२ रन बनाएको थियो । युएईका लागि रिनिथा रञ्जितले सर्वाधिक ४८ रन बनाइन् । उनले ३३ बलमा ५ चौका र २ छक्कासहित सर्वाधिक ४८ रन बनाएकी हुन् ।

यस्तै लावन्या केनीले २०, इन्धुजा नन्दकुमारले १२, समाइरा धरनिधर्कले ८, अल मसीरा जहाँगीरले ६ रनको योगदान दिए । ऋषिता राजित र अवनी सुनिल पाटिलले समान ९/९ रन बनाए । युएइले अतिरिक्त १० रन प्राप्त गरेको हो ।

नेपालका लागि रिया शर्माले सर्वाधिक तीन विकेट लिइन् । पूजा महतो, कृश्मा गुरुङ र सीमा केसीले समान १/१ विकेट लिए । एसिया छनोटमा नेपालको यो पहिलो हार हो । यसअघि नेपालले दुई खेल जितेको थियो । पहिलो खेलमा नेपालले थाइल्याण्डलाई ६७ रनको फराकिलो अन्तरले पराजित गरेको थियो । दोस्रो खेलमा नेपालले कुवेतलाई एक सय आठ रनले हराएको थियो ।

नेपालले आइतबार थाइल्याण्डसँग चौंथो खेल खेल्नेछ । छनोट खेलमा आयोजक युएईसहित नेपाल, कुवेत र थाइल्याण्ड सहभागी छन् । सहभागी चार टोलीमध्ये शीर्ष स्थान हासिल गर्ने टोली सन् २०२५ मा मलेसियामा हुने विश्वकपमा छनोट हुनेछ ।

# यू-१९ टोलीको मुख्य प्रशिक्षकमा शक्ति गौचन

**काठमाडौं (प्रस)–** नेपाली क्रिकेटका लेजेन्ड खेलाडी शक्ति गौचनले उमेरसमूहको राष्ट्रिय टोली सम्हाल्ने भएका छन् । नेपाल क्रिकेट संघ (क्यान) ले उनलाई यु-१९ टोलीको मुख्य प्रशिक्षकमा नियुक्त गरेको हो । उनको प्रशिक्षणमा नेपालले नोभेम्बर २९ देखि डिसेम्बर ८ सम्म युएईमा हुने एसीसी मेन्स यु-१९ एसिया कप खेल्ने छ । शक्ति नेपाली राष्ट्रिय टोलीका पूर्वअलराउन्डर हुन् । उनी दायाँ हाते ब्याट्सम्यान हुन् भने लेफ्ट-आर्म स्पिन हुन् । उनले नेपाली राष्ट्रिय टोलीमा सन् २००२ जुलाईमा ओमानविरुद्धको खेलमा डेब्यु गरेका थिए ।

जुलाई २०१८ मा शक्तिले नेदरल्यान्डविरूद्धको एकदिवसीय खेलपछि अन्तर्राष्ट्रिय क्रिकेट खेलबाट सन्न्यासको घोषणा गरेका थिए । उनले आफ्नो पहिलो एकदिवसीय भ्रमण पश्चातनै अन्तर्राष्ट्रिय खेल जीवनबाट सन्न्यासको घोषणा गरेका थिए । शक्ति नेपाली क्रिकेट इतिहासमै अन्तर्राष्ट्रिय शतक प्रहार गर्ने दोस्रो खेलाडी हुन् । उनले इटालीविरूद्ध २००५ फेब्रुअरीमा आईसीसी विश्वकप छनोट चरणको सिरिजअन्तर्गत यो उपलब्धि हात पारेका थिए । उक्त खेलमा शक्ति १०३ बलमा १०६ रन सहित अविजित रहेका थिए । शक्तिले २०१८ एभरेस्ट प्रिमियर लिग पछि घरेलु क्रिकेटबाट समेत सन्न्यास लिएका थिए ।

पोखरा राइनोजबाट समूह चरणको अन्तिम खेलपछि उनले सबै खाले क्रिकेटबाट सन्यास लिएका थिए । त्यसयता उनी रूपन्देहीमा आफ्नो एकेडेमी सञ्चालन गर्दै आएका थिए । पछिल्लो समय लुम्बिनीले खेल्ने उमेरसमूहको प्रतियोगितामा उनले प्रशिक्षकको जिम्मेवारी सम्हाल्दै आएका थिए । उनले पहिलोपल्ट राष्ट्रिय टोली सम्हाल्न लागेका हुन् ।

# 'खेल पर्यटनको माध्यमबाट नेपाल र चीनबीच सम्बन्ध प्रगाढ बनाउनुपर्छ'

■ प्रभाव संवाददाता

**गण्डकी–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले खेल पर्यटनको माध्यमबाट नेपाल-चीन सम्बन्ध थप प्रगाढ बनाउँदै विकासको गतिमा अगाडि बढ्नुपर्नेमा जोड दिएका छन् ।

पोखरा महानगरपालिका, चिनियाँ दूतावास र हिमालयन टुरिज्म फोरमद्वारा शनिबार पोखरामा आयोजित तेस्रो 'क्रस कन्ट्री दौड' प्रतियोगिताको उद्घाटन गर्दै उनले प्रकृति र संस्कृतिको धनी नेपालमा चिनियाँ पर्यटक आएर यहाँका प्रकृति र संस्कृतिसँग रमाउने विश्वास व्यक्त गरे ।

नेपाल सरकारले सन् २०२५ लाई नेपाल-चीन पर्यटन वर्षका रूपमा मनाउन लागेको जानकारी दिँदै मन्त्री पाण्डेले पर्यटन वर्षमा धेरैभन्दा धेरै चिनियाँ नेपाल आउने र नेपालीहरूसमेत चीनका विभिन्न ठाउँमा घुम्न जाने बताए । नेपाली र चिनियाँ नागरिक एकापसमा घुलमिल हुनु आवश्यक भएको बताउँदै उनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान गर्न र कोरला नाका व्यवस्थित रूपमा सञ्चालन गर्न पहल भइरहेको बताए ।

नेपाल धार्मिक पर्यटनका लागि पनि उत्तिकै महत्वपूर्ण गन्तव्य भएको बताउँदै उनले मुक्तिनाथ, पशुपतिनाथ, लुम्बिनी र जानकी मन्दिर जस्ता प्रसिद्ध स्थल रहेको बताए । नेपाल-चीन कूटनीतिक सम्बन्ध भएको ७० वर्ष पुग्न एक वर्ष बाँकी रहेको बताउँदै मन्त्री पाण्डेले यो लामो सम्बन्धलाई प्रगाढ बनाउँदै नेपालले अगाडि बढ्न चाहेको उल्लेख गरे ।

नेपालका लागि चिनियाँ राजदूत चेन सोङले नेपाल र चीनको सम्बन्ध प्रगाढ बनाउन दुई वर्षदेखि नेपलका विभिन्न सहरमा खेलकुदका गतिविधि सञ्चालन हुँदै



आएको बताए । नेपाल-चीन कूटनीतिक सम्बन्ध भएको ७० वर्ष पूरा हुने अर्को वर्ष चीनमा भव्य रूपमा कार्यक्रम गरी मनाउने उनको भनाइ छ ।

नेपाल र चीनबीच खेलकुद तथा संस्कृतिका पक्षलाई व्यापक बनाउन नेपालमा यस्ता गतिविधि भएको बताउँदै उनले यस्ता कार्यले नेपाल र चीनबीचको मित्रतालाई थप उचाइमा पुऱ्याउने विश्वास व्यक्त गरे । महानगरपालिकाका प्रमुख धनराज आचार्यले दुई देशबीचको सम्बन्धलाई अझै बलियो बनाउन यो प्रतियोगिता महत्वपूर्ण बन्ने उल्लेख गर्दै नेपाल र चीनबीचको पर्यटकीय गतिविधिमा पनि यसले महत्वपूर्ण भूमिका खेल्ने बताए ।

राष्ट्रिय खेदकुद परिषद्का कार्यवाहक महासचिव अञ्जना श्रेष्ठले खेल पर्यटनको सम्भावनालाई यस किसिमका प्रतियोगिताले टेवा पुऱ्याउने धारणा राखे । प्रतियोगिताअन्तर्गत पोखरास्थित लेकसाइडको बाराहीघाटबाट विभिन्न चार विधामा प्रतिस्पर्धा भएका छन् ।

प्रतियोगिताअन्तर्गत ५० किलोमिटर समूहगत र व्यक्तिगत, विद्यार्थी दौड, पाँच किमी र ह्यप्पी रन समूहमा दुई किमी दौड आयोजना गरिएको छ । पर्वतीय दौडमा खेलाडीले ५० किलोमिटरको दूरीमा ट्रेल रनिङ, साइकलिङ र रोइङ (बोटिङ) गर्नुपर्ने हुन्छ । दौडका क्रममा खेलाडीले कूल दुई हजार दई सय ५८ मिटर उचाइ पार गर्नेछन् । त्यस्तै च्यालेन्ज इण्डिभिजुअल समूहमा ५० किलोमिटरको ट्रेलमा दुई हजार ३६६ मिटरको कुल उचाइ पार गर्नेछन् ।

पचास किमी पर्वतीय दौड पोखराको लेकसाइडस्थित बाराहीघाटबाट सुरु भएर छोरेपाटन, रामदी, फुस्रेखोला हुँदै स्याङ्जाको फेदीखोला, पोखरा-२२ पुम्दीभुम्दी, शान्ति स्तूपबाट फेवाताल, पामे हुँदै पुन: बाराहीघाट पुगेर सम्पन्न हुनेछ ।

यसका लागि बाराहीचोकदेखि ड्यामसाइडसम्मको मार्ग तय गरिएको छ । पचास किलोमिटर टिम समूहमा प्रथम हुनेले रु चार लाख ५८ हजार ४०० सहित मेडल र प्रमाणपत्र पाउनेछन् । दोस्रो हुनेले मेडल र प्रमाणपत्रसहित रु तीन लाख ४३ हजार ८०० र तेस्रो हुनेले रु दुई लाख २९ हजार २०० पाउनेछन् । यस्तै चौथोलाई रु एक लाख ५२ हजार ८०० र पाचौंलाई रु ९५ हजार ५०० पुरस्कारको व्यवस्था गरिएको छ। यस दौडमा ६४ जना चिनियाँसहित एक हजार दुई सय धावक सहभागी बनेका छन् ।

च्यालेन्ज इन्डिभिजुअल दौड समूहमा शीर्ष १० पुरुष तथा महिलाले नगद, मेडल र प्रमाणपत्र पाउनेछन् । यस प्रतियोगितामा प्रथमका लागि रु एक लाख ५२ हजार ८००, दोस्रोका लागि रु एक लाख १४ हजार ६०० र तेस्रो हुने खेलाडीले रु ७६ हजार ४०० प्राप्त गर्नेछन् ।

चौथोदेखि सातौं हुने खेलाडीका लागि रु ३८ हजार २०० र आठौंदेखि दशौं स्थान प्राप्त गर्ने खेलाडीका लागि रु १९ हजार १०० पुरस्कारको व्यवस्था गरिएको छ । यस दौडमा एक सय जना नेपाली र ५२ चिनियाँ गरी १५२ जनाले सहभागिता जनाएका छन् ।

# पाकिस्तान रेलवे स्टेसनमा विष्फोट हुँदा २५ जनाको मृत्यु



**क्वेटा, पाकिस्तान–** दक्षिणपश्चिम बलुचिस्तान प्रान्तको एक रेलवे स्टेसनमा पाकिस्तानी पृथकतावादीहरूले दाबी गरेको बम आक्रमणमा १४ सैनिकसहित २५ जनाको मृत्यु भएको प्रहरीले शनिबार जनाएको छ ।

प्रान्तीय राजधानी क्वेटाको मुख्य रेलवे स्टेसनमा यात्रुहरू प्लेटफर्ममा पर्खिरहेका बेला विष्फोट भएको हो । 'मृत्यु भएको पुष्टि भएका २५ मध्ये १४ जना सेनाका कर्मचारी छन्,' एक वरिष्ठ स्थानीय प्रहरी अधिकारी मुहम्मद बलोचले बताए । स्थानीय अस्पतालका प्रवक्ताले विष्फोटमा परी घाइते भएका दर्जनौं व्यक्तिलाई अस्पतालमा ल्याइएको र धेरैको मृत्यु भएको बताए ।

बलुचिस्तानमा बारम्बार आक्रमणहरू भएता पनि अफगानिस्तान र इरानको सिमाना जोडिएको दक्षिणपश्चिमी प्रान्तमा शनिबारको विष्फोटबाट मृत्यु हुनेको संख्या विशेषगरी उच्च रहेको छ । रेल स्टेसनमा विष्फोट बिहान ८:४५ बजे भएको थियो । यस क्षेत्रको मुख्य अलगाववादी समूहहरूमध्ये एक बलुच लिबरेसन आर्मी (बिएलए) ले आक्रमणको दाबी गरेको छ ।

पाकिस्तानी सेनाको एक एकाइलाई लक्षित गरी आक्रमण गरिएको बीएलएले एक विज्ञप्तिमा उल्लेख गरेको छ । पाकिस्तानको आधिकारिक समाचार एजेन्सी एसोसिएटेड प्रेसले रेलवे अधिकारीहरूलाई उद्धृत गर्दै दुईवटा रेल छुट्ने क्रममा टिकट बुथनजिकै विष्फोट भएको बताएको छ । *रासस/एएफपी*



**अफगानिस्तानको राजधानी काबुलमा शुक्रबार आयोजित परम्परागत कुस्ती प्रतियोगितामा प्रतिस्पर्धा गर्दै प्रतियोगीहरू । अफगानिस्तानमा लोकप्रिय परम्परागत कुस्ती प्रतियोगिता हेर्न यहाँ हरेक शुक्रबार सयौंको भीड लाग्ने गरेको छ ।** *तस्बिरः सिन्ह्वा*

## 'गाजा पट्टी पूर्णरूपमा नष्ट क्षेत्रमा परिणत'

गाजा- इजरायली सेनाले अन्तर्राष्ट्रिय मानवीय कानुनको मापदण्ड पालना नगरेको औंल्याउँदै कब्जा गरिएका प्यालेस्टिनी क्षेत्रहरू पूर्णरूपमा नष्ट क्षेत्रमा परिणत भएको संयुक्त राष्ट्रसंघीय मानवअधिकार कार्यालयका निर्देशक अजित सुंगाईले शुक्रबार बताएका छन् ।

उनले गाजामा अस्पताल, बिरामी तथा सर्वसाधारणमाथि बारम्बार भइरहेको इजरायली आक्रमणलाई औंल्याउँदै यसले मानिसहरूलाई दक्षिणमा विस्थापित गर्ने र उत्तरी क्षेत्र खाली उद्देश्यले प्यालेस्टिनीको आर्थिक स्रोतलाई जानाजानी लक्षित गरिरहेको बताएका छन् ।

उत्तरी गाजामा प्रवेश गर्न गत अक्टोबर-७ देखि संयुक्त राष्ट्रका एजेन्सीहरूले भोग्नुपरेको कष्टलाई उल्लेख गर्दै उनले गाजा पूर्णरूपमा नष्ट भएको क्षेत्रमा परिणत भएको उल्लेख गरेका हुन् । गाजाको स्वास्थ्य मन्त्रालयले शुक्रबार गाजा पट्टीमा चलिरहेको इजरायली आक्रमणबाट मृत्यु हुनेहरूको संख्या ४३ हजार ५०८ पुग्नुका साथै एक लाख दुई हजार ६८४ जना घाइते भएको घोषणा गरेको थियो । रासस/क्युएनए

## दक्षिण सुडानमा बाढीका कारण १४ लाख मानिस प्रभावित : राष्ट्रसंघ

**नैरोबी–** दक्षिण सुडानमा आएको विनासकारी बाढीका कारण करिब १४ लाख मानिस प्रभावित भएका छन् । दक्षिण सुडानमा आएको पछिल्लो प्राकृतिक प्रकोप (बाढी) का कारण १४ लाख व्यक्ति प्रभावित भएका र तीन लाख ७९ हजारभन्दा बढी विस्थापित भएको संयुक्त राष्ट्रसंघले जनाएको छ ।

जलवायु परिवर्तनको उच्च जोखिममा रहेको विश्वको सबैभन्दा 'कान्छो देश' को मुख्यतः उत्तरी क्षेत्र दशकौं यताकै सबैभन्दा खराब बाढीको चपेटामा परेको सहायता एजेन्सीहरूले बताएका छन् । संयुक्त राष्ट्रसंघीय मानवीय मामिला समन्वय कार्यालय (ओसिएचए) का अनुसार दक्षिण सुडान र सुडान दुवैले दाबी गर्दै आएको ४३ वटा काउन्टी र विवादित अबेई क्षेत्रमा आएको बाढीका कारण करिब १४ लाख मानिस प्रभावित भएका छन् ।

'२२ वटा काउन्टी र अबेईमा तीन लाख ७९ हजारभन्दा बढी मानिस विस्थापित भएका छन्,' राष्ट्रसंघले शुक्रबार राति जारी विज्ञप्तिमा भनिएको छ । 'बाढीका कारण 'स्वास्थ्य प्रणालीलाई भारी असर पारेको छ र बाढी प्रभावित क्षेत्रहरूमा स्थिति र प्रभावलाई अझ बढावा दिएको र औलोको प्रकोप बढेको रिपोर्ट गरिएको छ,' विज्ञप्तिमा भनिएको छ । *रासस/एएफपी*

## चीनद्वारा 'रिमोट सेन्सिङ' उपग्रहहरूको प्रक्षेपण

**जिउक्वान–** चीनले शनिबार उत्तरपश्चिम चीनको जिउक्वान स्याटेलाइट प्रक्षेपण केन्द्रबाट अन्तरिक्षमा 'रिमोट सेन्सिङ' उपग्रहहरूको सफलतापूर्वक प्रक्षेपण गरेको छ । पाइसेट-२ का चारवटा उपग्रहहरू लङ मार्च-२ सी क्यारियर रकेटद्वारा बिहान ११:३९ बजे प्रक्षेपण गरी आफ्नो योजनाबद्ध कक्षमा सफलतापूर्वक प्रवेश गरेका थिए ।

तिनीहरूले मुख्यरूपमा व्यावसायिक रिमोट-सेन्सिङ डेटा सेवाहरू प्रदान गर्ने छन् । यो प्रक्षेपण लङ मार्च क्यारियर रकेट शृंखलाको ५४४औं उडान अभियान थियो । मार्च सन् २०२३ मा, चीनले पाइसेट-१ सहित चारवटा भूउपग्रहहरूको पहिलो प्रक्षेपण गरेको थियो । *रासस/एएनआई*

# गाजामा भएको इजरायली हमलामा १४ जनाको मृत्यु



**गाजा–** गाजामा शनिबार भएको इजरायली हमलामा १४ जना प्यालेस्टिनीको मृत्यु भएको गाजाको नागरिक सुरक्षा एजेन्सीले जनाएको छ । एजेन्सीका अनुसार मृत्यु हुनेमा अधिकांश महिला तथा बालबालिका रहेका छन् । खान युनिसको दक्षिणी क्षेत्रस्थित विस्थापित प्यालेस्टिनीको निवासमा भएको हमलामा उनीहरूको मृत्यु भएको नागरिक सुरक्षा प्रवक्ता महमुद बासलले बताएका छन् । प्यालेस्टिनी मानवअधिकारवादी संस्था रेड क्रिसेन्टले आक्रमणमा घाइते भएका ११ जनालाई उपचारकालागिअस्पतालमालगिएको पुष्टि गरेको छ ।

गाजाको अल-तुफाह जिल्लास्थित हजारौं विस्थापितको आश्रयस्थल फहद अल-सबाह स्कुलमा भएको इजरायली आक्रमणमा बच्चासहित पाँच जनाको मृत्यु हुनुका साथै करिब २२ जना घाइते भएको बासलले जनाएका छन् । उनले घाइतेहरूलाई अल-अहली अरब अस्पतालमा लगिएको बताएका छन् ।

यसैबीच, इजरायली सेनाले उत्तरी गाजाको जबालिया क्षेत्रमा दर्जनौं आतंककारीको मृत्यु भएको जनाएको छ भने रफाहमा धेरै लडाकुहरूको मृत्यु भएको जनाएको छ । सेना हाल लेबनानमा हिजबुल्लाह र गाजामा हमाससँग लडिरहेका सैनिकहरूसँग दुई मोर्चाको युद्धमा संलग्न छ । पछिल्लो आक्रमणमा सनाले लेबनान र गाजामा ५० भन्दा बढी आतंककारी लक्ष्यहरूमा आक्रमण गरेको विज्ञप्तिमा उल्लेख छ । आक्रमण सैन्य संरचना, हतियार भण्डारणलगायतका क्षेत्र लक्षित रहेको विज्ञप्तिमा जनाइएको छ ।

गाजाको स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार इजरायलको सैन्य आक्रमणले अधिकांश नागरिकसहित कम्तीमा ४३ हजार ५०८ जनाको ज्यान लिइसकेको छ ।

## गाजा युद्धमा मृत्यु हुनेमध्ये ७० प्रतिशत महिला तथा बालबालिका

**जेनेभा–** संयुक्त राष्ट्रसंघीय मानवअधिकार कार्यालयले इजरायल र गाजामा सन् २०२३ अक्टोबर ७ बाट बाहिर आएको डरलाग्दो वास्तविकताको विवरण दिने एक प्रतिवेदन प्रकाशित गरेको छ । प्रतिवेदनका अनुसार हालसम्म मृत्युमध्ये झण्डै ७० प्रतिशत बालबालिका र महिला रहेका छन् । यसमध्ये करिब ८० प्रतिशतको मृत्यु आवासीय भवनमा भएको थियो, जसमा ४४ प्रतिशत बालबालिका र २६ प्रतिशत महिला थिए ।

संयुक्त राष्ट्र मानवअधिकारका लागि उच्चायुक्त भोल्कर टर्कले भने, 'मेरो कार्यालयले आज मानिसहरूका लागि प्रकट भएको डरलाग्दो विवरणको प्रतिवेदन प्रकाशित गरिरहेको छ । अक्टोबर ७, सन २०२३ देखि जघन्य अपराधहरू हुने खतराबारे मैले बारम्बार चेतावनी दिएको छु । अन्तर्राष्ट्रिय कानुनले यी गम्भीर उल्लंघनका लागि न्याय दिनैपर्छ ।'

हमासले गत वर्ष अक्टोबर ७ मा इजरायलमा ठूलो आतंकवादी आक्रमण गरेको थियो । उक्त आक्रमणमा एक हजार २०० भन्दा बढी व्यक्तिको मृत्यु भएका र २५० भन्दा बढी व्यक्तिलाई बन्धक बनाएका थिए । तिनीहरूमध्ये लगभग १०० जनाभन्दा बढी अझै पनि बन्धक छन् । जवाफमा, इजरायलले गाजामा हमास एकाइहरूलाई निशाना बनाउँदै कडा जवाफी आक्रमण सुरु गऱ्यो । यद्यपि, इजरायली कारबाहीहरूले गाजामा ४५ हजारभन्दा बढी प्यालेस्टाइनीहरूको मृत्यु भएको जनाइएको छ । *रासस/एएनआई*

### लेबनानमा तीन जनाको मृत्यु, ३० घाइते

इजरायली हवाई आक्रमणमा शुक्रबार राति दक्षिणपश्चिमी लेबनानी सहर टायरमा तीन जनाको मृत्यु हुनुका साथै अन्य ३० जना घाइते भएको लेबनानी सेना स्रोत र स्वास्थ्य मन्त्रालयले जनाएको छ । आक्रमणमा दुई इजरायली लडाकु विमानहरूले मध्य टायरका दुई भवनमा आक्रमण गरेका थिए । यसले ठूलो आगो निम्त्यायो र नजिकैको अपार्टमेन्टहरूलाई ठूलो क्षति पुऱ्यायो ।

राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले एम्बुलेन्सहरूले घाइतेहरूलाई स्थानीय अस्पतालहरूमा पुऱ्याएको जनाएको छ । मृत्यु हुनेको संख्या बढ्ने अनुमान गर्दै अस्पतालहरूले रक्तदानका लागि तत्काल आह्वान गरे । सिभिल डिफेन्स अफ द इस्लामिक मेसेज स्काउट्सले भग्नावशेषबाट बाँचेका तीन जनाको उद्धार गरेको र अरूलाई खोज्ने प्रयास जारी रहेको बताएको छ ।

सेप्टेम्बर २३ देखि, इजरायली सेनाले लेबनानमा हवाई आक्रमणहरू सुरु गरेको छ । लेबनानमा इजरायली हवाई आक्रमणले सन् २०२३ अक्टोबर ८ देखि तीन हजार ११७ व्यक्तिको मृत्यु र १३ हजार ११८ जना घाइते भएका छन् । *रासस/सिन्ह्वा*

# मध्यपूर्वको युद्ध अन्त्यका लागि काम गर्न ट्रम्पलाई आग्रह



**बागदाद (इराक)–** इराकका प्रधानमन्त्री मोहम्मद सिया अल-सुदानीले नवनिर्वाचित अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग फोन वार्ता गर्दै मध्यपूर्वमा युद्ध अन्त्यका लागि काम गर्ने आग्रह गरेका छन् ।

गाजा र लेबनानमा इजरायलको युद्धको बीचमा, सुदानीलाई इरान समर्थित राजनीतिक गुटहरूको बहुमतले प्रधानमन्त्री नियुक्त गरेको थियो । फोन वार्तामा इराकी प्रधानमन्त्री सुदानीले ट्रम्पको अभियानको बयान गर्दै मध्यपूर्वमा युद्ध अन्त्य गर्नेबारे छलफल भएको प्रधानमन्त्री सुदानीको कार्यालयबाट शुक्रबार जारी गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ । विज्ञप्तिका अनुसार दुवै पक्ष उक्त लक्ष्य हासिल गर्न प्रयासका लागि समन्वय गर्न सहमत भएका छन् ।

इस्लामिक स्टेट समूहसँग लड्न सहयोग गर्न गठन गरिएको अमेरिकी नेतृत्वको गठबन्धनको हिस्साका रूपमा इराकमा करिब दुई हजार ५०० अमेरिकी सेना तैनाथ गरेको गरेको जनाइएको छ ।

बगदादले वर्षौंदेखि वासिङ्टनलाई आफ्ना बाँकी गठबन्धन सेनाहरू फिर्ता लिनका लागि स्पष्ट समय सीमा प्रदान गर्न आह्वान गर्दै आएको छ । अमेरिका र इराकले सेप्टेम्बरको अन्त्यमा अन्तर ाष्ट्रिय गठबन्धनले एक वर्षभित्र इराकमा एक दशक लामो सैन्य मिसन समाप्त गर्ने घोषणा गरेका छन् ।

यद्यपि, संयुक्त विज्ञप्ति र अमेरिकी अधिकारीहरूले कुनै पनि अमेरिकी सेना इराकमा रहने तथा रहेको उल्लेख गरेका छैनन् । सन् २०२० जनवरीमा भएको अमेरिकी ड्रोन हमलामा कुद्स फोर्सका प्रमुख र विदेशमा इराकको सैन्य कारबाहीका वास्तुकार इरानी जनरल कासिम सुलेमानीको मृत्यु भएपछि ट्रम्पको पहिलो कार्यकालमा दुई देशबीचको सम्बन्ध बिग्रिएको थियो । मुहान्दिसको हत्याको अनुसन्धानपछि इराकी न्यायपालिकाले सन् २०२१ जनवरीमा ट्रम्पको गिरफ्तारीका लागि पक्राउ पुर्जीसमेत जारी गरेको थियो । *रासस/एएफपी*

## भारी वर्षाका कारण जापानमा आपत्कालीन चेतावनी जारी

**टोकियो–** जापानी मौसम विज्ञान विभागले कागोसिमा र ओकिनावामा भारी वर्षाको कारण देखाउँदै शनिबार आपत्कालीन चेतावनी जारी गरेको छ । जसमा बाढी पहिरोलगायतका जोखिमको सम्भावना उल्लेख गर्दै अधिकतम् सावधानी अपनाउन आह्वान गरिएको छ ।

विभागकाअनुसार प्रतिकूल मौसमले कागोसिमाको योरोन सहर ओकिनावा प्रान्तमा अस्थिर वायुमण्डलीय अवस्था सिर्जना गर्दा भारी वर्षा भएको हो । योरोनमा, २४ घन्टामा ५९४ मिलिमिटर बर्षा भएको जुन १९७८ मा डेटा संकलन सुरु भएदेखिको सबैभन्दा बढी हो ।

ओकिनावाको हिगाशी गाउँमा २४ घण्टामा ४४२ मिलिमिटरको वर्षा रेकर्ड भएको जनाउँदै स्थानीय अधिकारीहरूले बाढी प्रभावित क्षेत्रमा पहिरोको जोखिम रहेको रिपोर्ट गरेका छन् । अमामी र ओकिनावाका बासिन्दाहरूलाई सम्भावित बाढीपहिरो र नदीको बढ्दो स्तरका लागि सतर्क रहन सूचित गरिएको छ । *रासस/सिन्ह्वा*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १६६५०० | प्रति तोला - ० | प्रति तोला - १९८० |



**भोटेचौर चिया बगानमा पर्यटक** | सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका-२ स्थित भोटेचौर चिया बगान। यहाँ शनिवार र विदाका दिन पर्यटकको घुइँचो लाग्ने गर्दछ।

*तस्बिरः देवराज सुवेदी/रासस*

# भैरहवाबाट एकै दिन तीन अन्तर्राष्ट्रिय उडान




■ प्रभाव संवाददाता

**भैरहवा (रूपन्देही)–** नेपालकै दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल भए पनि अन्तर्राष्ट्रिय विमान पर्खिरहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट आज तीन विमानले उडान भरिरहेका छन्।

विमानस्थल सुरु भएदेखि नै उडान सुरु गरेको जजीरा एयरलाइन्सले स्थगित गरेको उडान शनिबारदेखि फेरी सुरु गरेको छ। शनिबार एक सय ७१ यात्रु लिएर आएको जजीरा एक बालकसहित एक सय ६८ यात्रु लिएर उडेको छ भने फ्लाई दुबई र नेपाल एयरलाइन्स पनि शनिबारदेखि नै उडान सुरु गर्दैछन्। यससँगै भैरहवाबाट अन्तर्राष्ट्रिय उडान गर्ने विमानको संख्या चार पुगेको छ।

जजीरा एयर सातामा तीन दिन उडान गर्दैछ। मंगलबार, बिहीबार र शनिबार बिहान साढे ७ बजे भैरहवा आउने र साढे ८ बजे भैरहवाबाट कुबेतका लागि उड्ने विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले जानकारी दिए। यस्तै फ्लाई दुबईले दैनिक उडान गर्ने र अपराह्न पौने २ बजे भैरहवा आउने तथा यसको एक घण्टापछि दुबई फिर्ता जाने उनले बताए।

नेपाल एयरलाइन्सले सातामा तीन पटक काठमाडौं-भैरहवा-दुबई उडान गर्नेछ। तिवारीका अनुसार आइतबार, सोमबार र बुधबार नेपाल एयरलाइन्स काठमाडौंबाट बिहान १० बजे उडान गरी भैरहवा आउने र यहाँबाट दुबई जानेछ।

तिवारीका अनुसार कतार एयरवेज, एयर अरेबियालगायत अन्य अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीसँग पनि भैरहवाबाट उडान गर्ने विषयमा छलफल भइरहेको छ। उनले अहिले भैरहवा विमानस्थल १८ घण्टा सञ्चालन भइरहेको र एक घण्टामा विमानस्थलमा दुई अन्तर ाष्ट्रिय विमान सञ्चालन गर्नसक्ने क्षमता रहेको बताए। 'दैनिक ३६ वटासम्म विमान भैरहवाबाट हामी सञ्चालन गर्न सक्ने अवस्थामा छौँ', तिवारीले भने, 'अध्यागमनलगायत अन्य जनशक्ति अहिले पूरा छ, आवश्यकताअनुसार यसलाई थप परिमार्जन पनि गर्न सकिन्छ।'

भैरहवा तथा यस आसपासका यात्रुहरू भैरहवामै अवतरण गर्न पाउँदा हर्षित भएका छन्। देवदह नगरपालिकाका तिजन रानाले पहिलो पटक भैरहवामै अवतरण गर्न पाउदा खुसी भएको बताए। 'हामी भैरहवा विमानस्थल सञ्चालनको एकदमै पर्खाइमा थियौं, सञ्चालन हुने वित्तिकै पहिलो उडानबाट भैरहवा आएका छौँ', उनले भने, 'वर्षमा दुई पटक नेपाल आइन्छ, अब काठमाडौं नै धाउनुपर्ने बाध्यता हुँदैन।'

सोही विमानमार्फत भैरहवा आइपुगेका कुवेतका राजदूत घनश्याम लम्सालले पहिलो उडानबाट आउन पाउँदा खुशी भएको बताए। यसले नेपाल र कुवेतबीचको सम्बन्ध प्रगाढ बनाउनुका साथै त्यहाँका नेपाली नागरिकलाई आवतजावतमा सहज पुऱ्याउने बताए। राजदूत लम्सालले विमानस्थल नियमित सञ्चालनमा सबैलाई सहयोग गर्न आग्रह गरे।

विमानस्थल सञ्चालनमा आएसँगै यात्रुहरूले यसलाई भने अब निरन्तरता दिनुपर्ने उनको भनाइ छ। व्यवस्थापन चुस्त राख्नुपर्ने, सार्वजनिक यातायातका साधन लगायतको विषयमा ध्यान दिन उनले सुझाव दिए।

# 'स्टार्टअप' कार्यक्रम महिलालाई लक्षित गर्नुपर्छ : *मुख्यमन्त्री सिंह*

■ प्रभाव संवाददाता

**वीरगञ्ज (पर्सा)–** मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेश सरकारले 'स्टार्टअप' तथा नवउद्यमीलाई प्रोत्साहन गर्ने नीति प्रदेश सरकारको रहेको जानकारी दिएका छन्। वीरगञ्जमा आयोजित 'स्टार्टअप तथा नवउद्यमी सम्मेलन, मधेस प्रदेश २०२४' कार्यक्रममा उनले नयाँ सोच र विचारसहित आएका नवउद्यमीलाई प्रोत्साहन गर्ने खालका नीति र कार्यक्रम अघि सारेको बताए।

'नेपालका अधिकांश पुरुष काम वा अध्ययनका क्रममा विदेशमा रहेकाले पनि स्टार्टअपका कार्यक्रम महिलालाई लक्षित गरेर अघि बढाउन जरुरी देखिएको छ', उनले भने, 'महिलालाई नवउद्यमशीलतामा अघि बढाउन सकेको खण्डमा सकारात्मक प्रभाव पार्न पनि सकिन्छ।' मुख्यमन्त्री सिंहले 'स्टार्टअपमा आधारित व्यवसाय सुरु गर्दा नाफा मात्र नभई घाटा पनि हुने बताए। 'स्टार्टअप सुरु गर्नेबित्तिकै सफलता हात पार्न सकिन्छ भन्ने हुँदैन', उनले भने, 'स्टार्टअप गर्दाका भएका गल्ती र कमजोरीबाट सिकेर अघि बढ्नसके मात्रै अपेक्षाकृत नतिजा हात पार्न सकिन्छ।'

नेपाल उद्योग वाणिज्य महासंघ मधेस प्रदेश स्टार्टअप समिति, मधेस सरकार र औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको संयुक्त आयोजनामा भएको 'स्टार्टअप तथा नवउद्यमी सम्मेलन, मधेस प्रदेश २०२४ कार्यक्रममा स्टार्टअपसँग सम्बन्धित करिब चार सयभन्दा धेरै सहभागी रहेका छन्।

मधेस प्रदेश उद्योग वाणिज्य तथा पर्यटनमन्त्री सकिल अलि मियाँ अन्सारीले स्टार्टअप व्यवसायकै माध्यमबाट मधेस प्रदेशको आर्थिक विकास र रोजगारी सिर्जना गर्न सक्ने बताए। वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले स्टार्टअपसँगसम्बन्धी नयाँ सोच र भिजन लिएर आउने युवालाई सधैं प्रोत्साहन गर्ने बताए। गुगल इन्डियाका स्टार्टअप प्रमुख अपूर्व चामरियाले स्टार्टअपको मार्केट विश्वव्यापी भएकाले सोहीअनुरूपमा नयाँ सोचको विकास गर्नुपर्ने बताए। 'जहाँ समस्या हुन्छ। त्यहाँ नयाँ स्टार्टअपको जन्म पनि हुने गर्छ', उनले भने, 'समस्या भएको ठाउँमा स्टार्टअपका माध्यमबाट नयाँ विजनेसको सुरुआत पनि गर्न सकिन्छ।'

नेपाल उद्योग वाणिज्य महासंघ मधेस प्रदेशका अध्यक्ष अशोककुमार टेमानीले मधेस प्रदेशमा स्टार्टअपको विकास गर्नका लागि सम्मेलन आयोजना गरेको बताए। 'मधेस प्रदेशमा अथाहा सम्भावना रहेका छन्। ती सम्भावनालाई अवसरमा बदल्नका लागि यो कोशेढुंगा सावित हुने आशा गरेका छौँ', उनले भने, 'स्टार्टअप कार्यक्रमले नयाँ सोच भएका युवा र लगानीकर्ताबीच सेतुको काम गर्ने अपेक्षा राखेका छौँ।'

नेपाल उद्योग वाणिज्य महासंघ मधेस प्रदेश स्टार्टअप समितिका संयोजक अनुप अग्रवालले राज्यले स्टार्टअपका नयाँ सोच लिएर आएका युवालाई सहुलियत कर्जा र बिनाधितो ऋण प्रवाह गर्ने वातावरण बनाउनुपर्ने धारणा राखे।

# हवाई भाडा नियन्त्रणका लागि पाँच बुँदे सहमति

■ प्रभाव संवाददाता

**काठमाडौं–** तोकिए बमोजिमको हवाई भाडा मात्र कायम राख्न र हवाई टिकटको उपलब्धता सहज र सुलभ बनाउन सरोकारवाला निकाय सहमत भएका छन्।

हवाई भाडा नियन्त्रणका लागि नेपाल नागरिक उ•यन प्राधिकरण र सम्बन्धित सरोकारवालाहरूबीच आज भएको छलफलपछि उक्त विषय कार्यान्वयनका लागि पाँच बुँदे सहमति भएको हो। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल दैनिक १० घन्टा बन्द भएसँगै हवाई भाडादर महँगिएको गुनासो बढेपछि आज प्राधिकरण, अन्तरमन्त्रालयका प्रतिनिधि र स्वदेशी तथा विदेशी हवाई कम्पनीका प्रतिनिधिहरूको बैठकले हवाई टिकटको उपलब्धता एवं सहज र सुलभ हवाई यातायात सञ्चालन गर्न छलफल गरी निर्णय गरेको छ।

जसअनुसार एयरलाइन्स कम्पनीहरूले ट्राभल एजेन्सीलाईपछि टिकट बिक्री गर्नेगरी एकमुष्ट रूपमा टिकट बिक्री गर्ने अधिकार (टीबीए) खारेज गर्ने निर्णय भएको छ। अब सम्पूर्ण वायुसेवा कम्पनीहरूले यसको पालना गर्नुपर्नेछ। सबै वायुसेवा सञ्चालकले दुईपक्षीय हवाई सेवा सम्झौताको 'प्राइसिङ' शीर्षकमा उल्लेख भएअनुसार 'उपभोक्तालाई मर्का पर्नेगरी अनुचित हवाई भाडा असुल गर्न नहुने' प्रावधानको पालना गर्नुपर्नेछ।

यही कात्तिक २३ गतेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'ट्याक्सी वे' निर्माणको कार्य सुरु भएको छ। उडान समय कटौतिभएपछि एयरलाइन्सहरूले महँगो हवाईभाडा लिएको गुनासो आइरहेको छ। त्यस्तै सबै वायुसेवा सञ्चालकहरूले उडान वृत्त बमोजिमको हवाई भाडा सूची तोक्ने तथा सार्वजनिक गर्नुपर्ने निर्णय भएको प्राधिकरणले जनाएको छ। ट्राभल एजेन्सीहरूसँग टिकट बिक्रीको सम्झौता गर्दा निश्चित सफ्या मात्र बिक्री गर्न सकिने र तोकिएको परिधिमा रहेर मात्र सेवा शुल्क लिनेगरी व्यवस्था मिलाउने जिम्मेवारी वायुसेवा सञ्चालकको हुने जनाइएको छ।

बैठकमा प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलासहित संस्कृति पर्यटन तथा नागरिक उ•यन मन्त्रालय, परराष्ट्र मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रतिनिधि र स्वदेशी तथा विदेशी वायुसेवा कम्पनीका सञ्चालकहरू सहभागी थिए।

# म्याग्दीको टिमुर तारे होटलदेखि विदेशसम्म

■ सन्तोष गौतम

**म्याग्दी–** यहाँ उत्पादित टिमुर सहरबजारका तारे होटलदेखि विदेशसम्म बिक्री हुन थालेको छ। मुस्ताङ, पोखरा, काठमाडौं, चितवनलगायत सहरका होटल तथा जापान, बेल्जियम, कोरिया र अमेरिकामा टिमुर बिक्री हुन थालेको हो।

रमरम गर्ने स्वाद पाइने, शरीर न्यानो बनाउने र बास्नादार टिमुर दाल र चटनीमा मसलाका रूपमा प्रयोग हुन्छ। टिमुर व्यवसाय गर्दै आएका बेनी नगरपालिका-९ तोरीपानीका सागर बानियाँले यहाँ उत्पादित टिमुर स्वदेशका साथै विदेशबाट पनि माग आएको बताए।

'विभिन्न देशमा रहेका नेपालीले जन्मथलो आउँदा र आफन्तमार्फत उपभोगका लागि टिमुर लैजानुहुन्छ। पछिल्लो समय व्यावसायिक रूपमा माग आउन थालेको छ', उनले भने, 'खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको प्रयोगशालामा परीक्षण गरेर उपभोगयोग्य प्रमाणित गरिएको टिमुर विदेश पठाउने गरेका छौँ।'

बेनी-९ घतानको फरकफरक ठाउँमा उत्पादन भएको २० किलो काँचो र दुई किलो सुकाएको टिमुर परीक्षणका लागि गत साता काठमाडौंस्थित गुण नियन्त्रण विभागको प्रयोगशालामा पठाएको बानियाँले जानकारी दिए। प्रयोगशालाको प्रतिवेदन आएपछि बिक्री गर्ने तयारी भइरहेको भन्दै उनले अहिले यहाँका किसानले उत्पादित टिमुर टिप्न थालेको बताए।



गत वर्ष घतानमा उत्पादन भएको एक हजार छ सय किलो टिमुर प्रतिकिलो रु तीन हजारका दरले बिक्री भएको थियो। योमध्ये विदेशी बजारमा करिब दुई सय किलो बिक्री भएको बानियाँले बताए। धेरैजसो टिम्मुर मुस्ताङका होटल सञ्चालकहरूले अग्रिम भुक्तानी गरी खरिद गर्ने गरेका छन्।

घतान क्षेत्रमा यस वर्ष करिब दुई हजार किलो टिमुर उत्पादन हुने अनुमान गरिएको भूमेसिद्ध टिमुर सञ्जालले जनाएको छ। बेनी-९ ढावाका नरबहादुर राईले रु २० हजारको टिमुर बिक्री गरिसकेको जनाउँदै थप रु ४० हजार बराबर फल बिक्रीका लागि तयार भएको बताए।

'खेतबारीमा निजी प्रयोजनका लागि रोपेको टिमुरको दाना बेचेर आम्दानी हुन थालेपछि यहाँका कतिपय किसानले व्यावसायिक उत्पादन पनि थालेका छन्', किसान राईले भने, 'फलाउन र टिप्न सक्नुपऱ्यो, टिमुर बिक्रीका लागि बजारको समस्या छैन, घरबाटै बिक्री हुन्छ।'

बेनी-९ को तोरीपानी, धावा, धुपीबोट, ढोलथानका करिब एक सय ५० परिवारले व्यावसायिक टिमुरखेती गरिरहेका छन्। म्याग्दीमा २५ हेक्टर क्षेत्रफलमा टिमुरखेती भइरहेको डिभिजन वन कार्यालयका वन अधिकृत चन्द्रमणि सापकोटाले जानकारी दिए। 'बेनी-९ जिल्लामा बढी टिमुरखेती हुने स्थान हो', उनले भने, 'म्याग्दीमा हाल वार्षिक करिब छ मेट्रिकटनको हाराहारीमा टिमुर उत्पादन हुने गरेको हाम्रो तथ्याङ्क छ।'

पहिलाका वर्षमा साउन, भदौमा टिमुर टिप्ने किसानले पछिल्ला केही वर्षदेखि गुणस्तरीय उत्पादनका लागि कात्तिकको अन्तिम सातादेखि टिप्ने गरेका छन्। अनुकूल मौसम भएको र फूल खेल्ने समयमा असिना नपरेकाले यसपाली टिमुरको उत्पादन दोब्बरले बढेको ढावाकी जमुना राईले बताए। 'एउटै रूखमा दुई किलोसम्म टिमुर फलेको छ', उनले भनिन्, 'यसपाली छ किलो बिक्री गर्ने तयारी गरेकी छु।'

पाखो, बारीको कान्ला र खेतबारीको छेउमा बारका रूपमा लगाइएको टिमुर बेचेर घरखर्च चलाउन सहयोग पुगेको किसान बताउँछन्। 'काँडाधारी रूख हुने भएकाले टिमुरको फल टिप्न दुःख हुन्छ। काँडाबाट जोगिन किसानले हाँगा र बोटलाई काटेर फल टिप्दा बिरुवा नै नासिने जोखिम पनि हुन्छ', किसान राईले भनिन्।

भूमेसिद्ध टिमुर सञ्जालमा आबद्ध किसानलाई दुई वर्षअघि लुपथान्सा एयरलाइन्सले इको हिमाल अस्ट्रिया र इको हिमाल नेपालले टिमुर टिप्न र बोट काँटछाँट गर्न जर्मनीमा विकास भएको ४० थान सिकेचर र आरा उपलब्ध गराएको थियो। डिभिजन वन कार्यालयले टिमुर प्रशोधन गर्ने औजार उपलब्ध गराएको छ।

जिल्लामा टिमुरखेती विस्तार गर्न डिभिजन वन कार्यालय, भू-तथा जलाधार संरक्षण कार्यालय, स्थानीय तह र विभिन्न संघसंस्थाले बिरुवा वितरण गर्दै आएका छन्। डिभिजन वन कार्यालयले गत वर्षमा २० हजार टिमुरका बिरुवा निःशुल्क वितरण गरेको थियो। *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ